# आचार संहिता बारेमा प्राय : सोधिने प्रश्नहरु

# Frequently Asked Questions (FAQs) On Ethical Issues

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
## The Institute of Chartered Accountants of Nepal

२०६६


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

बबरमहल, काठमाडौं, पोष्ट बक्स नं. ५२८९

फोन: ४२५८५६९, ४२६९१३०

E-mail : ican@ntc.np

Website : www.ican.org.np

# आचार संहिता बारेमा प्राय : सोधिने प्रश्नहरू
# Frequently Asked Questions (FAQs) On Ethical Issues

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

बबरमहल, काठमाडौं, पोष्ट बक्स नं. ५२८९
फोन: ४२५८५६९, ४२६९१३०
E-mail : ican@ntc.np
Website : www.ican.org.np

२०६६

© सर्वाधिकार सुरक्षित

मूल्य :

प्रकाशक

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
बबरमहल, काठमाडौं ।
फोन नं.: ४२५८५६९, ४२६९१३०
फ्याक्स : ४२५८५६८
ई–मेल : ican@ntc.net.np
वेव साइट : www.ican.org.np

मुद्रण : प्रिन्ट एण्ड आर्ट सर्भिस
पुतलीसडक, काठमाडौं ।

## प्राक्कथन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था आफ्ना सदस्यहरुको व्यावसायिक क्षमता अभिबृद्धिका लागि सदैव क्रियाशिल छ । आफ्ना ग्राहकहरुलाई प्रदान गर्ने लेखापरीक्षण तथा लेखा सम्बन्धी सेवाहरुको सन्दर्भमा पेशागत सक्षमता, इमान्दारिता, वस्तुनिष्ठता र आचार संहितालाई विशेष रुपमा ख्याल गर्नु आवश्यक हुन्छ ।

लेखापरीक्षण पेशा स्वयं नियमन भएको (Self Regulated) पेशा हो । लेखापरीक्षकहरु आफ्नो कर्तव्य, उत्तरदायित्व र पेशाको मर्यादा प्रति सचेत हुनका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०६० मा आचार संहिता प्रकाशित गरेको थियो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन तथा नियम र आचार संहितामा उल्लेखित विषयलाई अझ स्पष्ट पार्ने उद्देश्यले प्रायः सोधिने प्रश्नहरुलाई सम्बोधन गर्ने गरी यो "प्रायः सोधिने प्रश्नहरु" को रुपमा प्रकाशित गरिएको छ । आशा छ, ऐन, नियम, आचार संहिता र सर्वमान्य प्रचलनका कतिपय पक्षहरुको बारेमा रहेको भ्रमलाई हटाउन र व्यवसायिक सन्दर्भमा प्रष्ट हुन नसकेका कतिपय विषयहरुको बारेमा छर्लंग्याउनका लागि यो प्रकाशन सहयोगी हुने कुरामा मलाई विश्वास लागेको छ ।

सदस्यहरुले आफ्नो सामाजिक उत्तरदायित्व र पेशागत जिम्मेवारीलाई पुरा गर्ने सन्दर्भमा संस्थामा सोधी पठाएका जिज्ञासा, विभिन्न अन्तरक्रिया कार्यक्रममा उठेका प्रश्नहरु समेतलाई संलग्न गरी तयार गरिएको हुँदा सदस्यहरुले यसबाट आफ्ना जिज्ञासाको समाधान पाउनुहुनेछ ।

यो पुस्तक तयार गर्नका लागि महत्वपूर्ण योगदान दिनुहुने आचरण समितिका पूर्व सभापति श्री कोमल बहादुर चित्रकार र वर्तमान सभापति श्री प्रदीप कुमार श्रेष्ठ तथा दुवै समितिका सम्पूर्ण सदस्यहरु प्रति म आभार व्यक्त गर्न चाहन्छु ।

टंक प्रसाद पनेरू
अध्यक्ष
२०६६ असार

## विषय सूची


| विषय | परिच्छेद | पाना नं. |
|---|---|---|
| १. आचार संहिता | १–१३ | १ |
| २. स्वार्थको अन्तरद्वन्द र स्वतन्त्र राय | १४-२७ | ६ |
| ३. आचरण सम्बन्धी | २८-४६ | १२ |
| ४. लेखाव्यवसायी फर्म | ४७-६० | १९ |
| ५. लेखाव्यवसायी फर्म खरीद बिक्री | ६१-६६ | २३ |
| ६. लेखाव्यवसायी फर्मको शाखा सम्बन्धी | ६७-७० | २५ |
| ७. प्रचार प्रसार विज्ञापन | ७१-९२ | २६ |
| ८. व्यवसाय प्राप्ती र संचालन | ९३-१०१ | ३२ |
| ९. लेखाव्यवसायसँग असंगत आर्थिक क्रियाकलाप | १०२-१०८ | ३५ |
| १०. व्यवसायको प्रारम्भ | १०९-११७ | ३८ |
| ११. पारिश्रमिक | ११८-१३० | ४१ |
| १२. कर सम्बन्धी सेवा | १३१-१३४ | ४५ |
| १३. गोपनियता | १३५-१३७ | ४७ |
| १४. उचित सतर्कता | १३८-१४६ | ४८ |
| १५. उजुरी | १४७-१५० | ५१ |
| १६. अनुशासन कार्यविधि र सजाय | १५१-१५६ | ५३ |
| १७. विविध | १५७-१६४ | ५५ |

# आचार संहिता

### १. आचार संहिता भनेको के हो ?

आचार संहिता भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी आचार संहिता, २०६०; निर्देशिका; परिपत्र (सर्कुलर) र सूचनाको अतिरिक्त राष्ट्रमा प्रचलित सम्पूर्ण कानून; नजीर; लेखामान र लेखापरीक्षणमान बोर्डबाट प्रतिपादित सम्पूर्ण मानहरु; व्यवसायसँग सम्बन्धित नियमनकारी निकायहरुद्वारा जारी नियमन; विधि; विधान; सूचना र लेखाव्यवसायको सर्वमान्य प्रचलन समेतलाई जनाउंदछ ।

### २. लेखाव्यवसायीहरुको लागी आचार संहिता किन आवश्यक छ ?

लेखाव्यवसाय लगायतका पेशा तथा व्यवसायमा संलग्न व्यक्तिहरुलाई आचार संहितामा आबद्ध गर्दा उसले आफ्नो पेशाको सामाजिक उत्तरदायित्व पूरा गर्दै सही किसिमबाट सेवाग्राहीलाई आफ्ना सेवा प्रदान गर्न सक्दछ । समाजले लेखा व्यवसायलाई मर्यादित र प्रतिष्ठित व्यवसायको रुपमा ग्रहण गर्नुमा आचार संहिताको महत्वपूर्ण भूमिका रहेको छ । आचार संहिताको पालना नगरेको कारणबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा ठूल-ठूला दुर्घटनाहरु घटेका छन् । तसर्थ व्यवसायको मर्यादा र प्रतिष्ठामा अभिबृद्धि गर्ने उद्देश्यले आचार संहिता पालना गर्नु जरुरी छ ।

### ३. आचार संहिता कुन कुन सदस्यले पालना गर्नुपर्छ ?

आचार संहिता संस्थाका सबै सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्दछ । आचार संहिता, २०६० अनुसार 'भाग १: सबै सदस्यले पालना गर्नु पर्ने,' 'भाग २: पेशागत व्यवसायीले पालना गर्नुपर्ने' र 'भाग ३: सेवारत लेखाव्यवसायीले पालना गर्नुपर्ने' गरी तोकिएको छ । तथापि परिस्थिति अनुसार सबै सदस्यले सान्दर्भिक सबै आचार संहिता पालना गर्नु पर्दछ ।



### ४. आचार संहिता नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुले स्थापना गरेका लेखा व्यवसायी फर्ममा काम गर्ने कर्मचारी, फर्मसँग संलग्न अन्य कानुनी वा प्राविधिक पेशाका व्यक्तिहरुले पनि पालना गर्नु जरुरी छ ?

जरुरी छ । लेखाव्यवसायी फर्ममा पेशागत सेवा प्रदान गर्ने सिलसिलामा सहयोगी वा अन्य विशेषज्ञहरुबाट प्राविधिक सल्लाहको लागि संलग्न गराएको अवस्थामा ती व्यक्तिहरुबाट पनि आचार संहिताको पालना गर्नुपर्दछ । लेखा व्यवसायसँग सम्बन्धित काममा आचार संहिताको पालना गराउनका लागि संस्थाका सम्बन्धित लेखा व्यवसायी सदस्य आफैं जिम्मेवार हुनेछन् ।

### ५. आचार संहिता सम्बन्धमा अन्तरराष्ट्रिय प्रचलन र व्यवस्था कस्तो रहेको छ ?

अन्तरराष्ट्रिय लेखाव्यवसायी महासंघ (International Federation of Accountants- IFAC) ले आचार संहिता मार्गनिर्देशन जारी गरेको छ । महासंघका सदस्य संस्थाहरुले सो मार्गनिर्देशनका मूलभूत सिद्धान्तमा आधारित भइ आफ्नो परिवेश सुहाउंदो आचार संहिता जारी गर्ने गरेका छन् । नेपालले पनि IFAC को तात्कालीन आचार संहिताको आधारमा आचार संहिता, २०६० जारी गरेको छ । सन् २०११ देखि महासंघका सबै सदस्य संस्थाहरुले IFAC ले जारी गरे अनुसारको आचार संहिता अनिवार्य रुपमा लागू गर्नुपर्ने व्यवस्था गरेको छ ।

### ६. संस्थाबाट प्रकाशित आचार संहितामा उल्लेखित बिषय बाहेक आचार संहिता सम्बन्धी अन्य अवस्था पर्न आएमा के गर्ने हो ? यस विषयमा थप सल्लाह लिन परेमा कहाँ, कसरी लिन सकिन्छ ?

आचरण सम्बन्धी स्थापित मान सम्बन्धमा अस्पष्टता, अन्यौल वा विवाद श्रृजना भएमा संस्थासँग मौखिक वा लिखित रुपमा समस्याहरु राख्न र सल्लाह लिन सकिन्छ ।

### ७. के आचार संहिता अक्षरशः पालना गर्नु सम्भव छ ? कुनै ठाउँमा सो संहिता बमोजिम कार्य गर्न नसक्ने अवस्था परेमा के गर्नु पर्दछ ?

आचारसंहिताका मूलभूत सिद्धान्त तथा भावनाका साथै आचार संहितामा वर्णित प्रकरणहरु सदस्यहरुले अक्षरशः पालना गर्नुपर्दछ । आचरण सम्बन्धी स्थापित मान सम्बन्धी विवादको श्रृजना भएमा वा आचार संहिता बमोजिम कार्य गर्न असमर्थ भएमा सम्बन्धित निकायको स्थापित नीति एवं प्रकृया अनुसार विवादको समाधान हुन नसकेमा संस्थाबाट सल्लाह लिइ सोही बमोजिम गर्नुपर्दछ ।

### ८. सदस्यको काम कारवाहि आचार संहिता विपरित छ/छैन भनी निर्क्यौल गर्ने निकाय कुन हो ?

नेपाल भित्र लेखाव्यवसाय सम्बन्धी सबै प्रकारको व्याख्या, निर्णय र नियमन गर्ने अधिकार प्राप्त एक मात्र निकायको रुपमा ऐनले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई तोकेको छ । सदस्यको काम कारवाहि आचार संहिता विपरित छ/छैन भन्ने कुराको निर्क्यौल ऐनको दफा १३ अन्तर्गत गठित अनुशासन समितिको सिफारिशको आधारमा परिषदले गर्दछ ।

### ९. लेखाव्यवसायी शब्दले क-कसलाई परिभाषित गर्दछ ? के लेखा र लेखापरीक्षण क्षेत्रमा काम गर्ने सबै लेखाव्यवसायी हुन् ?

लेखाव्यवसायी भन्नाले चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यता प्राप्त गरेका व्यक्तिलाई मात्र बुझिन्छ । संस्थाको सदस्यता नलिई लेखापरीक्षण फर्ममा काम गरेका कर्मचारीहरु लेखाव्यवसायी होइनन् ।

### १०. लेखाव्यवसायी, पेशागत सदस्य र सेवारत सदस्यको परिभाषा के हो ?

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरु मध्ये व्यावसायिक रुपमा लेखाव्यवसाय सञ्चालन गर्ने व्यक्तिहरुलाई पेशागत सदस्य भनिन्छ । पूरा समय रोजगारी वा अन्य कुनै निकायको सेवामा संलग्न सदस्यलाई सेवारत सदस्य भनिन्छ । संस्थाको सदस्यता मात्र लिएका तर पेशागत प्रमाणपत्र नलिएका सदस्यलाई पनि सेवारत सदस्य भनिन्छ । यी दुबै खालका सदस्यहरु लेखाव्यवसायी हुन् ।



### ११. लेखाव्यवसायी फर्ममा तलबी कर्मचारीको रुपमा काम गर्ने सदस्यहरु पेशागत सदस्य हुन् कि रोजगारीमा रहेका मानिन्छन् ?

पेशागत प्रमाणपत्र प्राप्त गरेका सदस्यहरु चाहे उनीहरु पूर्णकालिन रुपमा जागीरमा आबद्ध हुन् वा नहुन् उनीहरुलाई पेशागत सदस्य भनिन्छ ।

### १२. "Attestation Function" भनेको के हो ?

लेखापरीक्षण "Audit" शब्दको बहुआयामिक व्याख्या हुन थालेको हुँदा लेखापरीक्षकको पेशालाई फरक देखाउने उद्देश्यले लेखापरीक्षण सेवालाई आश्वस्तताको सेवा (Business Assurance Service) पनि भनिन्छ । लेखापरीक्षकले आर्थिक वा अन्य कुनै विवरणको परीक्षण गरी सो विवरण ठीक छ भन्ने आशयको प्रतिवेदन दिने कामलाई Attestation Function भन्दछन् ।

### १३. सेवारत सदस्यले आफ्नो सेवाको दौरानमा संस्थाद्वारा जारी मानहरु पालना गर्दा आफूभन्दा माथिको अधिकारीद्वारा असहज स्थितिको सिर्जना भएमा के गर्ने ?

आफूभन्दा माथिल्लो तहका कर्मचारी वा उच्च व्यवस्थापकसँग सल्लाह गरी विवाद सुल्झाउन पहल गर्नु पर्दछ । विवाद नसुल्झी प्राविधिक मान र आफ्नो पेशागत मान्यता विपरितको काम नगर्नु पर्ने कारण उल्लेख गरी व्यवस्थापनलाई जानकारी गराउनु पर्दछ ।

## स्वार्थको अन्तरद्वन्द (Conflict of Interest) र स्वतन्त्र राय (Independent Opinion)

*१४. लेखाव्यवसाय सञ्चालनमा स्वार्थको अन्तरद्वन्द र व्यावसायिक स्वतन्त्रताको बारेमा धेरै कुराहरू सुनिन्छ यो स्वार्थको अन्तरद्वन्द र व्यावसायिक स्वतन्त्रता भनेको के हो ?*

व्यवसाय सञ्चालनको दौरानमा लेखाव्यवसायी निष्पक्ष, इमान्दार तथा स्वार्थगत बिवादबाट मुक्त रहनु जरुरी छ । कुनै पूर्वाग्रह नराखी व्यवस्थापन पक्षले तयार गरेको आर्थिक विवरण माथि स्वतन्त्रतापूर्वक पेशागत राय व्यक्त गर्नु पर्दछ । आफूले दिएको प्रतिकूल पेशागत रायले ग्राहकसँगको सम्बन्ध विग्रेला र आफ्नो व्यवसाय सञ्चालनमा असर पर्ला भन्ने सोच राख्नु स्वार्थको अन्तरद्वन्द हो ।

पारिवारिक वा मित्रताको सम्बन्ध एवं आर्थिक प्रलोभनबाट टाढा रही समाज, राष्ट्र र लगानीकर्ता प्रति इमान्दार भई आफ्नो पेशाको मर्यादा अनुरुपको तथ्य राय सहितको प्रतिवेदन दिनु व्यावसायिक स्वतन्त्रता हो ।

*१५. व्यावसायिक स्वतन्त्रता (Independent) के कति कारणले कायम राख्न सम्भव हुदैन र स्वतन्त्रता कायम राख्न नसकिएमा के गर्नु पर्ला ?*

ग्राहकसँग आर्थिक लाभ हुने साझेदारी, ग्राहकसँगको पारिवारिक सम्बन्ध वा घनिष्ठता, ग्राहकसँग लेखा सम्बन्धी अन्य सेवाको विस्तार, उपहारहरुको प्राप्ति, अस्वाभाविक शुल्कको सम्भावना आदि कारणले लेखाव्यवसायीको स्वतन्त्रता कायम राख्ने कार्यमा आँच आउँछ । कहिलेकाहिँ स्वतन्त्रता कायम नराख्न दबाब पनि आउन सक्छ । आचार संहिता-२०६० मा उदाहरण सहित सम्भाव्य परिस्थिति बारेमा विस्तृत व्याख्या गरिएको छ ।

व्यावसायिक स्वतन्त्रता कायम राख्नु लेखाव्यवसायीको मूलभूत दायित्व हो । स्वतन्त्रता कायम राख्न सकिएन भने यसको प्रतिष्ठा, मान मर्यादा रहदैन र समाज प्रति आफ्नो दायित्व पुरा गर्न नसकेको



ठहरिन्छ । अतः स्वतन्त्रता कायम राख्नु पर्छ । कुनै पनि कारणले स्वतन्त्रता कायम राख्न नसकिने ठहर भएमा त्यस्तो काम अस्वीकार गर्नुपर्छ । यदि शुरु गरिसकेको भए राजिनामा गर्नु पर्छ ।

*१६. पेशागत सदस्यले आफू पढाउने स्कुल, कलेज वा कार्यरत अन्य संस्थाको लेखापरिक्षण गर्न मिल्छ ?*

मिल्दैन । मुख्य प्रश्न व्यावसायिक स्वतन्त्रता कायम राख्न सक्षम हुनु हो । आफ्नो वित्तीय संलग्नताको कारणले आफूले पढाउने स्कुल, कलेजमा वा कार्यरत अन्य संस्थाको लेखापरीक्षण गर्दा स्वार्थको द्वन्दको सिर्जना हुने भएकोले यस्तो अवस्थामा व्यावसायिक स्वतन्त्रता कायम राख्न नसकिने भएकोले लेखा व्यवसायी कार्यरत संस्थाको लेखापरीक्षण गर्न मिल्दैन ।

*१७. लेखाव्यवसायी आफैले ग्राहकको लेखा सम्बन्धी खातापाता तयार गर्ने र लेखापरीक्षण पनि गरी दिने गर्नु हुन्छ ?*

हुदैन । एकै व्यक्ति वा फर्मले ग्राहकको लेखा सम्बन्धी खातापाता तयार गर्ने र लेखापरीक्षण पनि गरेको अवस्थामा स्वार्थको द्वन्द हुन जान्छ ।

*१८. लेखापरीक्षणको काम प्राप्त गरेका लेखाव्यवसायीले सोही कम्पनीको लागि कन्सल्टेन्सी काम गर्न मिल्दछ ? अथवा कन्सलटेन्टको रूपमा नियुक्त लेखाव्यवसायीले सोही कम्पनीको लेखापरीक्षण गर्न मिल्दछ ?*

ग्राहकलाई दुई वा बढी प्रकारका सेवा प्रदान गर्दा स्वार्थको अन्तरद्वन्द सिर्जना हुन सक्ने भएको हुँदा लेखापरीक्षण सेवाको साथै अन्य सेवा प्रदान गर्दा यस विषयमा विशेष सतर्कता अपनाउनु पर्दछ । लेखापरीक्षण सेवा प्रदान गर्दा व्यावसायिक स्वतन्त्रतामा कूनै किसिमको आँच नआओस् भनी विशेष ध्यान दिनु पर्दछ । तेस्रो पक्षको दृष्टिले हेर्दा स्वार्थको अन्तरद्वन्द देखिन जाने परिस्थिति सिर्जना हुन दिनु हुदैन । एउटै ग्राहकको लेखापरीक्षक र सर्भेयर हुँदा, आन्तरिक र अन्तिम लेखापरीक्षक हुँदा, सल्लाहकार र लेखापरीक्षक हुँदा वा स्वार्थको अन्तरद्वन्द हुने

भनी प्रचलित कानुनमा उल्लेख गरिएको अवस्थामा एकै व्यक्तिले दुई वटा जिम्मेवारी लिनु हुँदैन ।

१९. *लेखापरीक्षकले सोही कम्पनीको आन्तरिक लेखापरीक्षक, कर लेखापरीक्षक, विशेष लेखापरीक्षक, वैतनिक वा अवैतनिक सल्लाहकार (कन्सल्टेन्ट) को काम गर्नाले पेशामा व्यावसायिक स्वतन्त्रता कायम राख्न सक्तैन भनेको ठीक हो ?*

उत्तरः लेखापरीक्षकमा नियुक्त व्यक्ति वा फर्मले सोही कम्पनीको आन्तरिक लेखापरीक्षण गर्न मिल्दैन । कर लेखापरीक्षक, विशेष लेखापरीक्षकको काम गर्न सकिन्छ तर नियमित पारिश्रमिक लिने गरी सल्लाहकार हुनको लागि प्रचलित कम्पनी ऐनले पनि निषेध गरेको छ ।

२०. *के लेखापरीक्षकमा नियुक्त लेखाव्यवसायीले ग्राहक कम्पनीको व्यवस्थापकीय सूचना प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली वा लेखा प्रणाली आदिको विधि (Systems) तयार गरी दिंदा स्वार्थको अन्तरद्वन्द हुन्छ ?*

उत्तरः आन्तरिक नियन्त्रण प्रणाली वा लेखा प्रणाली तयार गरेकै कारणले स्वार्थको अन्तरद्वन्द भएको मानिदैन । तर, लेखापरीक्षण क्रममा त्यस्ता प्रणालीको कार्यन्वयनको प्रभावकारिताको मूल्यांकन गर्नु पर्दछ । आफैले तयार गरेको कारणले मात्र लेखापरीक्षणका प्रकृयामा छुट दिएमा लेखाव्यवसायीको सक्षमता र स्वतन्त्रतामा प्रतिकूल प्रभाव पार्दछ ।

२१. *एउटा सहायक (सब्सीडियरी) कम्पनीको आन्तरीक लेखापरीक्षक वा सल्लाहकार रहेको लेखा व्यवसायीलाई होल्डिङ्ग (Holding) कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्न मिल्छ ?*

उत्तरः कानुनी हिसाबले यसमा प्रतिबन्ध नलगाएता पनि सुशासन र उत्तम प्रचलनको हिसाबले यस्तो नियुक्ति गर्नु वा स्वीकार्नु उपयुक्त हुँदैन ।



२२. *संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त नगरेका सदस्य वा सदस्यता नै नलिएका व्यक्तिले नेपालमा आन्तरिक, विशेष, कर, लागत लेखापरीक्षण (Cost Audit), सामाजिक लेखापरीक्षण (Social Audit) आदि मध्ये कुन प्रकारको सेवा प्रदान गर्न पाउँछ ?*

उत्तरः सार्वजनिक प्रयोजनका लागि वा बाह्य निकायका लागि प्रमाणित गरी पेश गर्नुपर्ने अवस्थामा संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षकबाट सेवा लिनु पर्दछ । तर निकायको आन्तरिक प्रयोजनका लागि गरिने बिशेष लेखा परीक्षणका लागि संस्थाको सदस्य बाहेक अन्य व्यक्तिबाट सेवा लिन सकिनेछ ।

२३. *संस्थाका सदस्यहरुले पेशागत व्यवसायको अलावा विभिन्न विषयमा अध्यापन, तालीम, प्रशिक्षण, नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था (ICAN) को शिक्षा व्यवस्था अनुसार पेशागत शिक्षा हासिल गरी रहेका चार्टर्ड एकाउन्टेन्ट विद्यार्थीलाई कोचिङ्ग कक्षा सञ्चालन गर्नु हुन्छ ?*

उत्तरः हुन्छ ।

२४. *के संस्थाको जस्तै पेशागत शिक्षा प्रदान गर्ने अन्य विदेशी लेखाव्यवसायी संस्थाको प्रतिनिधि वा समन्वयकर्ता भई नेपालमा त्यस संस्थाले तोके  बमोजिमको व्यावसायिक शिक्षा प्रसार गर्ने, विद्यार्थी दर्ता गर्ने, कोचिङ्ग गर्ने र विद्यार्थीलाई प्रशिक्षण दिन मिल्छ ?*

उत्तरः नेपालमा लेखाव्यवसायको शिक्षाको विकासको लागि आवश्यक कार्य गर्न संस्था मात्र आधिकारिक निकायको रुपमा ऐनद्वारा स्थापित भएको छ । संस्थाको उद्देश्य विपरित अन्य संस्थाको शिक्षाको प्रचार गर्ने, विद्यार्थी दर्ता गर्ने तथा विद्यार्थीलाई प्रशिक्षार्थी राख्ने काम आचरण अनुसारको काम मानिदैन ।

२५. *बायो डाटामा लेखापरीक्षक भनी कुनै संस्थामा जागिरको लागि आवेदन दिन पाइन्छ कि पाइदैन ?*

उत्तरः आवेदन दिन पाइन्छ तर आफ्नो श्रेणी र वर्ग खुलाउनु

पर्दछ । बायो डाटामा आफूले गरेका कामको अनावश्यक बखान गर्न भने हुँदैन ।

**२६. *बेरीतबाट लेखापरीक्षकको बर्खास्तगी (Unjustifiable Removal of Auditors) भनेको के हो ?***

उत्तर: उचित लागेको व्यक्तिलाई लेखाव्यवसायी नियुक्त गर्नु ग्राहकको अधिकार हो । कम्पनी ऐन बमोजिम वा अन्य निकायको हकमा अधिकार प्राप्त निकायले एक पटक कानून बमोजिम कुनै लेखाव्यवसायीलाई नियुक्त गरे पछि अर्को लेखापरीक्षक नियुक्त गर्न पाउँदैन । यसो गरेमा बेरीतबाट लेखापरीक्षकको बर्खास्तगी गरेको मानिन्छ ।

**२७. *एउटा लेखाव्यवसायीले आफूले सेवा प्रदान गर्दै आएको कुनै कम्पनीले नयाँ वर्षमा अर्के लेखा व्यवसायीलाई चयन गरेकोमा आफू कम्पनी ऐन अनुसार तीन वर्ष लेखापरीक्षण गर्न योग्य भएकोले परिवर्तन गर्नु पर्नाको कारण माग गरी पत्र लेखेछ । के त्यो लेखाव्यवसायीले ग्राहकलाई त्यस्तो पत्र लेख्नु मिल्छ ? के यस अवस्थालाई बेरीतबाट लेखापरीक्षकको बर्खास्तगी "Unjustifiable Removal of Auditors" भनी व्याख्या गर्न मिल्छ ?***

उत्तर: मिल्दैन । उही लेखाव्यवसायीलाई निरन्तरता दिनु वा नयाँ लेखाव्यवसायी नियुक्त गर्नु ग्राहकको कानुन सम्मत अधिकार हो । त्यस्तो पत्र लेखेको प्रमाणित भएमा नीज लेखाव्यवसायीलाई “अव्यावसायिक अनुरोध (Unsolicited Approach)” को आधारमा कारवाहि हुन सक्छ ।



## आचरण सम्बन्धी (Ethical Issues)

**२८. *कुनै लेखाव्यवसायी फर्मको एक साझेदारले आचार संहिता बिरुद्ध आचरण गरेको प्रमाणित भएमा फर्मका अन्य सबै साझेदारले आचार संहिता विरुद्ध कार्य गरेको ठहरिन्छ ?***

उत्तर: फर्मको कुनै साझेदारले आफ्नो व्यक्तिगत हैसियतमा काम गरेको छ भने ऊ मात्र जिम्मेवार हुन्छ । तर फर्मको तर्फबाट प्रदान गरेको सेवाको हकमा अन्य साझेदारहरु पनि सामुहिक रुपमा जिम्मेवार हुन्छन् ।

**२९. *कुनै पेशागत लेखाव्यवसायीले आफ्ना साझेदारलाई वा संस्थाका सदस्यता प्राप्त गरेका वा नगरेका आफ्ना तलबी कर्मचारी वा अन्य कुनै व्यक्तिलाई वित्तीय विवरण एवं लेखापरीक्षण प्रतिवेदनमा आफ्नो तर्फबाट हस्ताक्षर गर्ने अधिकार प्रदान गर्न मिल्छ ?***

उत्तर: मिल्दैन । वासलातमा सही गर्ने वा वित्तीय विवरण उपर राय दिने अधिकार ग्राहकबाट नियुक्ति पाएका लेखाव्यवसायीमा मात्र निहित हुन्छ ।

नेपालको प्रचलित लेखाव्यवसाय सम्बन्धी कानूनमा कुनै स्पष्ट व्यवस्था छैन । तर, अन्तर्राष्ट्रिय प्रचलनमा व्यावसायिक शीप आवश्यक नपर्ने कुराहरु जस्तै लेखापरीक्षणबाट देखिएका व्यहोरा व्यवस्थापनमा पठाउने र प्रतिकृया माग गर्ने, प्रश्नावलीहरु वितरण गर्ने, पत्र वा माग गरिएको सूचना प्राप्तिको जानकारी दिने, लेखापरीक्षण गरिएका भौचर वा डकुमेन्टहरु प्रमाणित गर्ने तथा साधारण प्रशासकीय कागजातहरु आदिमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने प्रचलन छ ।

**३०. *एउटा सेवाग्राही निकायले लेखापरीक्षण गर्ने लेखाव्यवसायीको काम कारवाहिमा चित्त नबुझी अर्के लेखाव्यवसायीलाई पुनः लेखापरीक्षण गरी प्रतिवेदन दिन नियुक्त गरेछ । उक्त नयाँ लेखाव्यवसायीले आफ्ना सहकर्मी लेखाव्यवसायीले गरेको काम कारवाहिमा टिप्पणी गर्न इन्कार गरी सो प्रस्ताव अस्वीकार गरेछ । के यो ठीक हो ?***

*के एउटा लेखाव्यवसायीले गरेको काम कारवाहिमा अर्को लेखाव्यवसायीले टिप्पणी गर्नु आचार संहिता बिरुद्ध हुन्छ ?*

उत्तरः कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको लेखापरीक्षक साधारण सभाले नियुक्त गर्दछ र उक्त लेखापरीक्षक त्यस पछि बस्ने साधारण सभासम्म बहाल रहन्छ । यदि प्रतिवेदन पेश गर्नु अगाडि हटाउने हो भने ऐनको दफा ११९ उपदफा (२) बमोजिमको प्रकृया पुरा गरी हटाउनु पर्दछ । तर एउटा लेखापरीक्षकले काम समाप्त गरी पेश गरेको प्रतिवेदनमा चित्त नबुझेको भनी अर्को लेखापरीक्षक नियुक्त गर्नु मिल्दैन । प्रतिवेदन पनि परिवर्तन गर्न पाईदैन । कुनै थप विषयमा लेखापरीक्षण गराउन चाहेमा विशेष लेखापरीक्षण सम्म गराउन सकिन्छ ।

विशेष लेखापरीक्षण गर्न नयाँ लेखाव्यवसायीले विगतका लेखा व्यवसायीको काम कारवाहिलाई अपमानित हुने खालको परिस्थिति सिर्जना नगरी पेशागत प्राविधिक कुरामा ध्यान पुऱ्याउनु पर्छ । (संहिता भाग १ खण्ड ७ बुँदा ७.१ ग) । सहयोगी व्यवसायीहरुमाथि अनावश्यक टीका टिप्पणी गर्नाले व्यवसायको मान प्रतिष्ठामा आघात पुग्ने हुँदा यस तर्फ लेखाव्यवसायीहरुले ध्यान पुऱ्याउनु पर्दछ ।

३१. *सरकारी वा गैरसरकारी कार्यालयहरुमा पूर्ण समय रोजगारीमा सेवारत सदस्यले पेशागत प्रमाणपत्र प्राप्त गरी लेखा सम्बन्धी व्यावसायिक सेवा प्रदान गर्न पाउँछ कि पाउँदैन ?*

उत्तरः पूर्ण समय रोजगारीमा सेवारत सदस्यले विशेष गरी सरकारी कार्यालयमा सेवारत व्यक्तिले सार्वजनिक पद धारण गरेको हुन्छ । त्यस नाताले उक्त व्यक्तिलाई ऐनद्वारा केही अधिकार र कर्तव्य पनि तोकिएको हुन्छ । लेखाव्यवसाय सञ्चालन गर्दा कुनै न कुनै वखत त्यस अधिकार, कर्तव्य र व्यवसायको दायित्वको बीचमा स्वार्थको द्वन्दको श्रृजना हुन्छ । त्यसैले अन्तराष्ट्रिय लेखा व्यवसायी महासंघ (IFAC) का सदस्य रहेका सबै जसो राष्ट्रमा एकै समय रोजगारीमा सेवारत रहनु र लेखाव्यवसायमा संलग्न हुनु स्वागत योग्य मानिंदैन । तर नेपालमा सेवारत सदस्यले कानून बमोजिम पेशागत



प्रमाणपत्र हासिल गरी लेखाव्यवसाय सञ्चालन गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐनले बाधा पुऱ्याएको छैन । तर सम्बन्धित निकायको वा कार्यरत संस्थाको नियम कानूनले निषेध गरेको अवस्थामा संस्थाका सदस्य लेखाव्यवसायी लेखापरीक्षकमा नियुक्त हुन मिल्दैन ।

कम्पनी ऐन, २०६३ दफा ११२ (ज) ले सरकारी कम्पनी वा कार्यालय वा गैर सरकारी कम्पनीमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्तिलाई पब्लिक लिमिटेड कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्न सकिंदैन भनी स्पष्ट उल्लेख गरेको छ ।

साथै, नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयको मिति २०६४।०६।१४ को परिपत्रबाट निजामति कर्मचारीहरुले सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संघ संस्थाको लेखापरीक्षण गर्न निषेध गरेको छ । निषेध गरिएको बाहेक पूर्ण समय रोजगारमा रहेका सेवारत सदस्यले लेखाव्यवसाय सम्बन्धी अन्य सेवा प्रदान गर्न सक्छ ।

३२. *संस्थाको सदस्य रहेका कोही व्यक्ति कुनै कार्यालयमा पूर्ण समय सेवारत रहेछ र सेवामा रहेको बेलामा उक्त कार्यालयको नियम विपरित काम गरेकोले सजाय गरेको प्रमाणित भएमा संस्थाको आचार संहिताको पालना नगरेको ठहर्छ ?*

उत्तरः आफू कार्यरत कार्यालय प्रति निष्ठावान रहनु सदस्यको पेशागत आचार संहिता भित्र पर्दछ । यदि सो कार्यालयको नियम विपरित कुनै कार्य गरेमा आचरणको पालना नगरेको ठहर्छ ।

३३. *कुनै लेखाव्यवसायीले कुनै कम्पनीलाई सेवा प्रदान गर्दा उक्त कम्पनीको नियमनकर्ताको निर्देशन बर्खिलाप काम गरेको भनी सो लेखा व्यवसायीलाई दोषी ठहराई नियमनकर्ताले सजायँ गरेको रहेछ भने निजलाई संस्थाले सजायँ गर्नु पर्छ कि पर्दैन ?*

उत्तरः लेखाव्यवसायीलाई दोषी वा निर्दोष निर्क्योल गर्ने सम्पूर्ण अधिकार अर्ध न्यायिक निकायको हैसियतले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा निहित रहेको छ । कुनै लेखाव्यवसायीको बिरुद्धमा प्रमाण सहित सरोकारवालाले संस्थामा उजुरी दिएमा संस्थाले नियम बमोजिम छानबिन गरी दोषी प्रमाणित भएमा सजायँ गर्न सक्छ ।

*३४. संस्थाको सदस्यले आफू कार्यरत संस्थाको हिसाब नेपाल लेखामान अनुसार राखेको रहेनछ भने उसले आचार संहिता विपरित काम गरेको ठहर्छ कि ठहर्दैन?*

उत्तरः सदस्यले आफ्नो जिम्मेवारीमा रहेको लेखा तयार गर्ने तथा प्रस्तुत गर्ने सन्दर्भमा लेखामानको पालना गर्नु पर्दछ । तर सो लेखा राख्ने नीति बनाउने अख्तियारी आफूमा नरही संचालक समिति वा अन्य निकायमा रहेको अवस्थामा यदि लेखामानको पालना हुन नसकेको रहेछ भने सो व्यहोरा उल्लेख गरी लेखा तयार गर्ने अख्तियार प्राप्त निकायमा जानकारी दिनु पर्दछ । अन्यथा आचार संहिता विपरित काम गरेको ठहर्छ ।

*३५. नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण नगरेमा आचार संहिता विपरित काम गरेको ठहर्छ कि ठहर्दैन?*

उत्तरः लेखापरीक्षण गर्नेहरुका लागि नेपाल लेखापरीक्षणमान नै एक मात्र मार्गदर्शन हो । नेपाल लेखापरीक्षणमानले निर्देशित नगरेका प्रकरणहरु प्रचलित कानून एवं लेखामान सिद्धान्त अनुसार लेखाव्यवसाय सञ्चालन गर्नु पर्दछ । लेखापरीक्षणमान विपरित लेखापरीक्षण गर्ने लेखाव्यवसायी उपर सरोकारवाला, सम्बन्धित कम्पनी, लेखाव्यवसायी वा जो सुकैले प्रमाण सहित संस्थामा उजुरी गरेमा नीजलाई नियम बमोजिम कारवाही हुन्छ ।

*३६. सेवारत लेखाव्यवसायीले आफ्नो सेवाको दौरानमा आफूभन्दा माथिकाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको लेखामान तथा लेखापरीक्षणको पालना नगर्न दबाब दिएमा के गर्ने ? कहाँ गएर सल्लाह लिने हो ?*

उत्तरः प्रश्न नं १३ बमोजिम गर्नु पर्दछ । र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा आई सल्लाह लिनु उपयुक्त हुन्छ ।

*३७. सदस्य लेखाव्यवसायीले शेयर दलाली कम्पनी खडा गर्न वा आफै दलाल बन्न हुन्छ ? ग्राहकहरुलाई शेयर सम्बन्धी सेवा प्रदान गर्न हुन्छ ?*

उत्तरः व्यवसाय सञ्चालनको दौरानमा ग्राहक कम्पनीका कारोवारको सम्बन्धमा सामान्यतः सार्वजनिक नगरिएका गोप्य सूचना वा जानकारी उपर पनि लेखाव्यवसायीहरूको पहुंच पुग्दछ । कानूनले कुनै सूचना प्रवाह गर्ने विशेष अधिकार प्राप्त भएकोमा बाहेक त्यस्ता कुनै सूचना वा जानकारीको उपयोग गर्नु हुँदैन । यो लेखाव्यवसायको एक आधारभुत सिद्धान्त हो ।

लेखाव्यवसायीले शेयर दलाली कार्य गरेमा यस्ता सूचनाहरुको अनाधिकृत प्रयोग हुन सक्ने सम्भावना निकै बलियो हुँदा पेशागत प्रमाणपत्र प्राप्त लेखाव्यवसायीलाई शेयर दलाली कम्पनी खडा गर्न, आफैं दलाल बन्न र परोक्ष रुपमा ग्राहकहरुलाई शेयर सम्बन्धी सेवा प्रदान गर्न निषेध गरिएको छ ।

*३८. बीमा सर्वेयरको लाईसेन्स प्राप्त लेखाव्यवसायीले एकै बीमा कम्पनीमा बीमा सर्वेयर र लेखापरीक्षकको सेवा प्रदान गर्न मिल्छ कि मिल्दैन ?*

उत्तरः एकै बीमा कम्पनीमा बीमा सर्वेयर र लेखापरीक्षकको सेवा प्रदान गर्न मिल्दैन किनकी बीमा सर्वेयरको सेवाले कम्पनीलाई परेको प्रभावको बारेमा लेखापरीक्षकले प्रतिकृया व्यक्त गर्नुपर्ने स्थिति पर्न सक्छ । यस्तो अवस्थामा लेखापरीक्षकको हैसियतले राख्नु पर्ने स्वतन्त्रता कायम राख्न सकिंदैन जसबाट स्वार्थको अन्तरद्वन्दको श्रृजना हुन्छ ।

*३९. संस्थाका सदस्यहरु संस्थाको स्वीकृति वेगर बीमा मूल्यांकन कर्ता संघ, आन्तरिक लेखापरीक्षण संघ, वित्तिय विश्लेषक संघ, लेखाव्यवसायी संघ, आर्थिक संघ, अर्थ तथा वाणिज्य संघ, बैंकर्स संघ जस्ता प्रचलित कानून अनुसार स्थापित संघ संस्थाहरुको सदस्य वा कार्यकारी समितिको पदाधिकारी बन्न मिल्छ वा मिल्दैन ?*

उत्तरः मिल्छ ।

*४०. पेशागत प्रमाणपत्र प्राप्त लेखाव्यवसायी कुनै कम्पनीको प्रमोटर (प्रवर्द्धक) हुन सक्छ ?*

उत्तरः ऐनले रोक लगाएको अवस्थामा बाहेक सक्छ । तर कम्पनीको

आधारभुत शेयरधनी वा चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएको व्यक्तिले उक्त कम्पनीहरुको लेखापरीक्षक हुन नपाउने प्रावधानहरुको भने पालना गर्नु पर्दछ ।

*४१. के संस्थाको सदस्य कुनै पत्रिका वा जर्नलको सम्पादक, कुनै कम्पनीको पूरा समय डाईरेक्टर वा स्कुल कलेजको शिक्षक, प्रिन्सिपल बन्न मिल्छ ?*

उत्तरः मिल्छ ।

*४२. एकै आ.व.मा एउटै लेखाव्यवसायी फर्मका साझेदारहरू मध्ये एउटाले आन्तरिक लेखापरीक्षण, अर्कोले अन्तिम लेखा परीक्षण र अर्कोले अन्य परामर्श सेवा व्यक्तिगत हैसियतबाट प्रदान गर्न मिल्छ ?*

उत्तरः मिल्दैन । फर्मको एक साझेदारले आन्तरिक लेखापरीक्षण गर्नु फर्मका सबै साझेदारले गर्नु सरहनै हो ।

*४३. एउटा कम्पनीले कम्पनी प्रोफाईल माग गर्दा एउटा लेखा व्यवसायी फर्मले फलाना सालमा त्यस कम्पनीको बजेट, लेखा र आन्तरिक नियन्त्रण विधि हामीले नै तयार गरेका हौ भनी अनुभवको महलमा उल्लेख गरेको छ । के यो दिन मिल्छ छ ?*

उत्तरः मिल्छ । आफ्नो संस्थाले गरेको कार्यको अनुभवको विवरण दिन सकिन्छ । तर बढाई चढाई गर्न र असान्दर्भिक कुराहरुलाई जोड्नु हुँदैन ।

*४४. लिक्विडेटरको पदमा नियुक्त कुनै लेखाव्यवसायी सदस्यले सोही कम्पनीको लेखापरीक्षण गर्न मिल्छ ?*

उत्तरः मिल्दैन ।

*४५. लेखाव्यवसायीले एउटै संस्थाको एउटै आ.व.का फरक-फरक वित्तीय अवस्था देखाउने दुईवटा वित्तीय विवरणमा सही गर्नु आचरण विपरितको काम हो ?*

उत्तरः यस्तो काम आचरण विपरितको काम हो ।



*४६. मैले कम्पनीबाट सेवा निवृत्त भए पछि एक जना सदस्यसँग साझेदारीमा लेखाव्यवसाय गर्दै आएको थिएँ । मेरो साझेदारले मेरो पूर्व कार्यालयको लेखापरीक्षण गर्ने कार्य प्राप्त गर्नु भयो । निजले नै सबै कार्य सम्पन्न गरे । म संलग्न भईन । यस अवस्थामा मलाई आचार संहिताको उल्लंघन वापत कारवाही हुन सक्तछ ?*

उत्तरः नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐनको दफा ३४ को उपदफा १२ ले कुनै संस्थाको सेवाबाट अलग भएको मितिले कम्तिमा ३ वर्ष पुरा नगरी कुनै हैसियतले पनि आफू कार्यरत पूर्व कार्यालयको लेखापरीक्षणमा संलग्न हुनु हुँदैन भनी उल्लेख गरेको हुँदा साझेदारले हस्ताक्षर गरे पनि फर्मको साझेदारबाट नहटेसम्म आफू संलग्न रहेको ठहर्छ र आचार संहिता उल्लंघनको कसूरमा कारवाही हुन सक्छ ।

# लेखाव्यवसायी फर्म

***४७. नेपालमा लेखाव्यवसाय संचालन गर्न फर्म खोल्नै पर्छ भन्ने छ ? फर्म नखोलिकन व्यवसाय गरेमा के हुन्छ ?***

उत्तर: फर्म खोल्नै पर्ने कानूनी वाध्यता छैन । व्यक्तिगत नामबाट पनि लेखाव्यवसाय संचालन गर्न सकिन्छ । तर लेखाव्यवसायमा फर्मको नामबाट व्यवसाय सञ्चालन गर्ने सयौ वर्ष देखि चलि आएको अन्तरराष्ट्रिय विशिष्ट प्रचलन हो । कतिपय अवस्थामा व्यक्तिगत नाम भन्दा फर्मको नाम प्रतिष्ठाको प्रतिक बन्न सक्छ ।

***४८. चार्टर्ड एकाउन्टेन्ट सदस्यले 'ख' वर्गको रजिष्टर्ड अडिटर सदस्यसँग साझेदारीमा फर्म खोली व्यवसाय सञ्चालन गर्न मिल्छ ?***

उत्तर: मिल्दैन । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियम ५७ ले फर्मको साझेदार हुनको लागि समान श्रेणी र समान वर्गको सदस्य हुनु अनिवार्य गरेको छ ।

***४९. कुनै 'ख' वर्गको सदस्यको फर्मले कुनै चार्टर्ड एकाउन्टेन्ट सदस्यको सेवा प्राप्त गर्न सक्छ कि सक्दैन ?***

उत्तर: सक्छ । लेखाव्यवसायीले व्यवसायको कुनै पक्षमा आफूमा यथेष्ठ शीप र क्षमता छैन भन्ने लागेमा गुणस्तर कायम राख्न बिशेषज्ञको रुपमा जो सुकैलाई पनि नियुक्त गर्न सक्छ । तर वित्तीय विवरणमा राय लेख्ने वा प्रमाणित गर्ने अधिकार कसैलाई प्रत्यायोजन गर्न मिल्दैन ।

***५०. संस्थाको सदस्यता प्राप्त तर पेशागत प्रमाणपत्र नलिएको व्यक्ति लेखा व्यवसायी फर्ममा साझेदार हुन पाउँछ कि पाउँदैन ?***

उत्तर: पाउँदैन ।

***५१. कुनै लेखाव्यवसायी सदस्यले कानून व्यवसायी वा गैह्र लेखा व्यवसायी व्यक्तिसँग मिली साझेदारी गर्न मिल्छ ?***

उत्तर: पेशागत व्यवसायमा संलग्न लेखाव्यवसायीले लेखाव्यवसायको



गरिमा वा वस्तुनिष्ठता वा स्वतन्त्रता वा इमान्दारितामा आँच आउने वा आँच आउन सक्ने कुनै पेशा व्यवसाय वा क्रियाकलापमा एकै साथ संलग्न हुँदा लेखा व्यवसाय संचालनमा नकारात्मक असर पर्ने भएकोले पेशागत व्यवसायसँग असम्बन्धित अन्य व्यवसाय, पेशा वा क्रियाकलापमा एकै समयमा संलग्न रहनुलाई उपयुक्त मानिदैन । तर एकै साथ दुई वा सो भन्दा बढी प्रकारका पेशागत सेवा प्रदान गर्दैमा इमान्दारितामा वा वस्तुनिष्ठता वा स्वतन्त्रतामा आँच आउँदैन । पेशागत लेखाव्यवसायीलाई उचित ढंगले लेखाव्यवसायको मौलिक आचार सिद्धान्त बमोजिम पेशागत लेखा व्यवसाय संचालनमा नकारात्मक असर पार्ने पेशागत व्यवसायसँग असम्बन्धित अन्य व्यवसाय, पेशा वा क्रियाकलापमा एकै समयमा संलग्न रहनुलाई लेखा व्यवसाय संचालनसँग असंगत (परस्पर विरोधी) मानिनु पर्दछ ।

***५२. कुनै लेखाव्यवसायी फर्मको साझेदारले अन्य साझेदारको नाममा प्राप्त व्यवसाय सम्बन्धी कागजात प्रमाणित गर्न मिल्छ ? प्रमाणित गरेको अवस्थामा केही गल्ती भएमा को जिम्मेवार हुन्छ ?***

उत्तर: फर्मको नाममा लेखापरीक्षक नियुक्त भएको खण्डमा साझेदारहरु मध्ये कुनै साझेदारले कागजात प्रमाणित गर्न सक्तछ र यस अवस्थामा सबै साझेदारहरु सामूहिक रुपमा जिम्मेवार हुन्छन् । तर साझेदार तोकेर नियुक्ति दिएको खण्डमा नीजले नै हस्ताक्षर गर्नु पर्दछ र हस्ताक्षर गर्ने व्यक्तिले नै जिम्मेवारी लिनु पर्दछ ।

***५३. विदेशी लेखाव्यवसायी संस्थासँग सम्बद्धता रहेको अवस्थामा स्वदेशी लेखाव्यवसायी फर्मले उक्त सम्बद्धतालाई के कसरी प्रस्तुत गर्न सक्तछ ?***

उत्तर : विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको नाममा वा त्यस्तो संस्थाको नाम सहित वा त्यस्तो संस्थाको नाम वा सम्बन्ध झल्कने गरी लेखाव्यवसायी संस्था दर्ता गर्नु परेमा प्रस्तावित लेखाव्यवसायी संस्था र त्यस्तो विदेशी संस्था बीच सो सम्बन्धमा सहमति भएको हुनु पर्नेछ र सोको प्रतिलिपी संस्थामा निवेदन गर्दाका बखत पेश गर्नु पर्नेछ । {नियम ५८(४)} साथै लेखा व्यवसाय संचालन गर्ने सदस्य

वा लेखाव्यवसायी संस्थाले कुनै विदेशी लेखाव्यवसायी संस्थासँग सम्झौता गरी वा सोको स्वीकृति लिई लेखा व्यवसाय संचालन गरेको रहेछ भने त्यस्तो लेखाव्यवसायी वा संस्थाले परिषदको पूर्व स्वीकृति लिई त्यस्तो व्यवसायी वा संस्थाको सम्बन्ध झल्किने आवश्यक शव्द वा वाक्यांश प्रयोग गर्न सक्नेछ । {नियम ४५(७)}

५४. *बिदेशीसँग मिलेर स्वदेशी लेखाव्यवसायी सदस्यले व्यवसाय गर्न पाउँछ कि पाउँदैन?*

उत्तर: संस्थाको सदस्य भएका बिदेशी नागरिकले स्वदेशी नागरिकसँग फर्म खोली व्यवसाय गर्न सक्तछन् तर त्यसरी खोलिने फर्ममा बिदेशी नागरिकले ५१ प्रतिशत भन्दा बढी शेयर लगानी गर्न भने पाउँदैन ।

५५. *नामको पहिलो अक्षर A, U, D, I, T भएका पाँच जना सदस्यहरू मिली "AUDIT & CO" नाम राखी लेखा व्यवसायी फर्म खोल्न पाउँछ कि पाउँदैन ।*

उत्तर: संस्थामा दर्ता हुने फर्मको प्रस्तावित नाम द्विअर्थि, विदेशी जस्तो भ्रम सिर्जना गर्न सक्ने, धार्मिक आस्था विपरित देखिने र भ्रम सिर्जना हुन सक्ने देखिएमा त्यस्ता नाम संस्थाले अस्वीकृत गर्दछ । लेखाव्यवसायीले समाज र राष्ट्रको विश्वास हासिल गर्नुपर्ने भएकोले आफ्नो फर्मको नाम पनि समाजलाई पाच्य, सरल, शिष्ट र विवादरहित हुने खालको नाम प्रस्ताव गर्नुपर्दछ ।

५६. *मेरो नाम हिरेन्द्र ओली हो । के मैले हिरेन्द्रको 'HER' र Oli को 'O' जोडी "HERO and Associates" नाम राख्न मिल्छ ?*

उत्तर: मिल्दैन । प्रश्न नं. ५५ पढ्नुहोस् ।

५७. *के कुनै लेखाव्यवसायी फर्मले अन्य उद्योगमा जस्तै ISO 100 2000 Certification गर्न पाउँछ ?*

उत्तर: लेखापरीक्षणमान अनुरुप सेवा प्रदान गरिने भएकोले यस्तो सेवाको गुणस्तरलाई Certification बाट प्रत्याभुति गर्न सकिदैन । तसर्थ लेखाव्यवसायको सेवालाई यस्तो Certification गर्ने प्रचलन रहेको छैन । लेखापरीक्षणको गुणस्तरको पुनरावलोकन (Review) गर्ने एक मात्र निकाय लेखाव्यवसायको नियमनकारी निकाय (नेपालको सन्दर्भमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था) हो । सो को गुणस्तरको प्रमाणपत्र अर्को निकायले दिन सक्तैन ।

५८. सेवारत सदस्य र पेशागत सदस्य मिली लेखाव्यवसायी फर्म खोल्न मिल्छ ?

उत्तर: फर्म खोल्न वाधा पर्दैन । तर कम्पनी ऐन, २०६३ ले सेवारत लेखाव्यवसायीका साझेदारले पनि पब्लिक कम्पनीको लेखापरीक्षण गर्न मिल्दैन भनि निषेध गरेको छ ।

५९. *संस्थाका सदस्यहरुले विदेशी लेखाव्यवसायी संस्थाका सदस्यहरुसँग साझेदारी गर्न सक्छ ? त्यस्ता विदेशी संस्थासँग सम्झौता गरी नेपालमा आर्जित पेशागत पारिश्रमिक त्यस्ता व्यवसायीसँग बाँड्नु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमले मिल्छ ?*

उत्तर: संस्थाको सदस्यता प्राप्त समान श्रेणी र वर्गका सदस्यसँग मात्र साझेदारी गर्न सकिन्छ । यदि संस्थाको सदस्यता प्राप्त व्यक्ति विदेशी नागरिक छ भने नीजसँग यस संस्थाका सदस्यले साझेदारी गर्न सक्दछन् जहाँ विदेशी नागरिकको शेयरको अनुपात ५१ प्रतिशत भन्दा बढी हुनु हुँदैन ।

६०. एउटा लेखाव्यवसायी एक भन्दा बढी फर्ममा साझेदार रहेछ भने उनको भिजिटिंग कार्डमा सबै फर्मको नाम लेख्न मिल्छ ?

उत्तर: मिल्छ । तापनी एकै व्यक्ति एक भन्दा बढी लेखा व्यवसायी फर्ममा आबद्ध हुनु राम्रो मानिदैन ।

## लेखाव्यवसायी फर्म खरीद बिक्री

६१. *कुनै लेखाव्यवसायीको मृत्यु भएमा निजले सञ्चालन गरिरहेको एकल फर्म बन्द हुन्छ कि अरू कसैले उनले दर्ता गरेको फर्म सञ्चालन गर्नु हुन्छ ?*

उत्तरः एकलौटी लेखाव्यवसायी फर्मको प्रोप्राइटरको मृत्यु पछि निजको नाममा रहेको फर्म स्वतः खारेज हुन्छ । निजको श्रीमती वा छोरा वा हकवाला लेखाव्यवसायी रहेछ भने पनि सो फर्म कायम रहन सक्तैन । कम्पनी ऐन अन्तर्गत दर्ता भएको व्यापारिक फर्मको जस्तो अर्को व्यक्तिको नाममा नामसारी गर्न पनि मिल्दैन ।

६२. *लेखाव्यवसायीको मृत्यु हुँदा निजले सञ्चालन गरिरहेको एकल फर्म निजको छोरा वा हकवालाले निरन्तरता दिन सक्छ कि सक्दैन ?*

उत्तरः प्रश्न नं. ६१ हेर्नुहोस् ।

६३. *कुनै लेखाव्यवसायीको मृत्यु भएमा निजको विधवा वा हकवालाले संस्थाको स्वीकृती नलिई सो फर्म अन्यलाई बिक्री गर्न मिल्छ ?*

उत्तरः लेखाव्यवसायी एकल फर्म अन्य सम्पत्ति सरह हकवालामा नामसारी नहुने भएकोले बिक्री गर्न मिल्दैन । फर्म स्वतः बिघटन हुन्छ ।

६४. *एकल फर्मका धनी कुनै लेखाव्यवसायीको मृत्यु भएमा निजले प्रदान गरी रहेको सेवाको बाँकी काम कस्ले पूरा गरि दिन्छ ?*

उत्तरः यस्तो अवस्थामा सेवा प्राप्त गर्ने निकायले नियुक्तिको प्रक्रिया पूरा गरी नयाँ लेखाव्यवसायीको सेवा लिनु पर्दछ ।

६५. *साझेदारीमा सञ्चालित कुनै फर्मको एक साझेदारको मृत्यु भएमा सो फर्मको नाफा वा शुल्कमा निजका विधवा वा हकवाला छोरा छोरीको हक लाग्न सक्छ कि सक्तैन ?*

उत्तरः साझेदारी फर्ममा कुनै साझेदारको मृत्यु भएमा नीजको नाम फर्मको साझेदारबाट स्वतः हट्दछ भने दुई जना मात्र साझेदार भएको अवस्थामा साझेदारी फर्म नै बिघटन हुन्छ । दुई भन्दा बढी साझेदार भएको अवस्थामा फर्म बन्द नगरी साझेदारी संझौता (Partnership Deed) अनुसार सञ्चालन गरिन्छ । मृत्यु हुनुभन्दा पहिलाको व्यवसायको आर्जित नाफामा नीज मृतकका विधवा वा हकवालाले साझेदारी सम्झौतामा उल्लेख भए बमोजिम हक लाग्दछ भने सो भन्दा पछिको नाफामा हक लाग्दैन ।

६६. *साझेदारी फर्ममा नयाँ साझेदार प्रवेश गर्दा वा पुरानो साझेदारले छोड्दा ख्याती वापतको रकम लिन मिल्छ ?*

उत्तरः मिल्छ ।

## लेखाव्यवसायी फर्मको शाखा सम्बन्धी

*६७. एक जिल्लामा स्थायी ठेगाना भएको लेखाव्यवसायीले अन्य जिल्ला स्थित व्यापारिक निकायको लेखापरीक्षण गर्न पाउँछ कि पाउँदैन ?*

उत्तरः संस्थामा दर्ता रहेका लेखाव्यवसायीले नेपाल भित्र जुनसुकै स्थानमा पनि आफ्नो व्यवसाय सञ्चालन गर्न पाउछ ।

*६८. काठमाण्डौंमा ठेगाना राखी दर्ता भएको कुनै लेखाव्यवसायी फर्मले काठमाडौं बाहिरका निकायहरुलाई लेखाव्यवसाय सम्बन्धी सेवा दिन सक्छ ?*

उत्तरः सक्छ । तर कानूनी रीत पुर्‍याई शाखा कार्यालय नखोलेसम्म आफ्नो बिजिनेस कार्ड, लेटरप्याड लगायतका व्यावसायिक कागजातहरुमा संस्थामा दर्ता भएको बाहेक अन्य स्थानको ठेगाना उल्लेख गर्न पाउदैन । कानूनी रीत पुर्‍याई एक भन्दा बढी स्थानमा शाखा कार्यालय खोल्न सक्ने ब्यवस्था छ ।

*६९. संस्थाको नियमानुसार रीतपूर्वक फर्मको शाखा कार्यालय नखोली सम्पर्क ठेगाना दिन मिल्छ ?*

उत्तरः कानूनी रीत पुर्‍याई शाखा कार्यालय नखोलेसम्म सम्पर्क ठेगाना उल्लेख गर्न पाइदैन ।

*७०. कुनै लेखाव्यवसायीले साझेदार वा तलबी कर्मचारी नभईकन साथी भाइको नाताले शाखा कार्यालय संचालन गर्न मिल्छ ?*

उत्तरः शाखा कार्यालय संचालन गर्ने व्यक्ति समान श्रेणी र वर्गको लेखाव्यवसायी हुनु आवश्यक छ । तर नीज लेखाव्यवसायी फर्मको साझेदार नै हुनु पर्दछ भन्ने जरुरी छैन । नीजले आफू उक्त फर्मको शाखा कार्यालयको व्यवस्थापक भई काम गर्न मञ्जुर भएको पत्र संस्थामा पेश गर्नु पर्दछ । (नेपाल चार्टर्ड एकाउन्टेन्टस नियमावलीको नियम ६३.३) ।



## प्रचार प्रसार विज्ञापन

*७१. लेखाव्यवसायीले विज्ञापन गर्न मिल्दैन भन्छन्, विज्ञापन नै नगरी व्यवसाय कसरी पाइन्छ ?*

उत्तरः लेखा व्यवसायमा विचलन आउने सम्भावनालाई ध्यानमा राखी विज्ञापन गर्न अनुमति नदिने संस्थाले निर्णय गरेको हो । पेशामा अनुशासन, इमान्दारिता, वस्तुनिष्ठता, पेशागत क्षमता र पेशा प्रति कटिबद्धता नै व्यवसाय प्राप्त गर्ने आधार हो ।

*७२. फर्मको नामबाट वा आफ्नो पदनाम दिई शुभकामना र समवेदना छपाउनु विज्ञापन हो ?*

उत्तरः पदनाम सहित फर्मको नाम वा आफ्नो नामबाट शुभकामना र समवेदना छपाउन मिल्छ तर आफ्नो वा आफ्नो व्यवसायको बारेमा उल्लेख गर्नु हुँदैन ।

*७३. ट्रेड डाइरेक्टरीमा कसरी नाम छपाएमा विज्ञापन ठहर्दैन ?*

उत्तरः अरुको भन्दा फरक नदेखिने गरी आफ्नो नाम, ठेगाना छपाएमा विज्ञापन ठहर्दैन ।

*७४. सदस्यले आफ्नो सेवाग्राहि (Client) को तर्फबाट कर्मचारी भर्ना, जग्गा खरिद वा सामान आपूर्तिको लागि फर्मको नामबाट विज्ञापन गर्न पाउँछ ?*

उत्तरः सकिन्छ । तर यस्ता विज्ञापनमा फर्मले ग्राहकलाई दिन खोजिएको सेवाको छोटकरी विवरणका साथ कर्मचारी भर्ना भए कर्मचारीले गर्नु पर्ने कार्य, जग्गा भए नाप साइज, सामान आपूर्ति भए स्पेसिफिकेशन र परिमाण आदि वाहेक फर्मको बारेमा वा फर्मको प्रबर्द्धन हुने कुनै विवरण लेख्नु हुँदैन ।

*७५. नामपाटि (नेमप्लेट), साईनबोर्ड र व्यवसायिक मसलन्द कस्तो हुनु पर्छ ?*

उत्तरः दुईं फिट गुणा साढे तीन फिट (२X३.५ फिट) भन्दा ठूलो

साईनबोर्ड वा नियोन लाईट जडित साइनबोर्ड वा होडिङ्ग बोर्ड राख्न हुँदैन । साईनबोर्डमा नाम, प्रमाणपत्र नम्बरहरू, ठेगाना, सम्पर्क नम्बरहरु र पदनाम बाहेक आफ्नो व्यवसायको बारेमा तथा फर्मको प्रचार प्रसार हुने किसिमको कुनै शब्द वा चिन्ह प्रयोग गर्नु हुँदैन । साथै आफ्नो कार्यालय वा शाखा कार्यालय नभएको स्थानको फोन नम्बर उल्लेख गर्नु हुँदैन ।

त्यस्तै व्यवसायिक कारोबारको सिलसिलामा प्रयोग हुने नामपाटी (नेमप्लेट), परिचयपत्र, भिजिटिङ्ग कार्ड वा व्यावसायिक मसलन्द एवं कागजपत्र आदिमा लेखाव्यवसायसँग असम्बन्धित पद वा पदनाम लेख्न वा छाप्न हुँदैन ।

### ७६. *म नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य हुँ । मैले मेरो मसलन्दमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य हुँ भनि छाप्न मिल्छ कि मिल्दैन ?*

उत्तरः नेपालमा लेखापरीक्षक भनेको संस्थाको सदस्य हो भन्ने कुरा स्वतः बुझिने भएकोले लेखिरहनु आवश्यक छैन । अनावश्यक रुपमा उल्लेख गर्नाले सेवाग्राहीमा गलत सन्देश जान सक्ने भएकोले सबै श्रेणीका सदस्यहरुलाई “नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य” लेख्न प्रतिबन्ध लगाइएको हो । भिजिटिंग कार्ड लगायत अन्य कागजातमा आफ्नो वर्ग सहित ICAN Mem. No. … उल्लेख गर्न सकिन्छ । साथै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको लोगो पनि प्रयोग गर्न पाईंदैन ।

### ७७. *संस्थाको पार्षद पदमा वहाल रहेका लेखाव्यवसायीहरुले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नाम र लोगो प्रयोग गरेको देखिएको छ नि ?*

उत्तरः संस्थाका पार्षद एवं अन्य पदाधिकारीहरुलाई संस्थाको लोगो र पद सहितको भिजिटिंग कार्ड संस्थाले नै उपलब्ध गराउँदछ । त्यस्ता कार्ड संस्थाको प्रतिनिधित्व गर्ने बेलामा बाहेक अन्य समयमा प्रयोग गर्न हुँदैन ।



अन्य समयमा आफ्नो नाम फर्मको नाम भएको साधारण भिजिटिंग कार्ड प्रयोग गर्नु पर्छ । त्यस्ता व्यावसायिक भिजिटिंग कार्डमा संस्थाको अध्यक्ष, उपाध्यक्ष वा पार्षद वा अन्य कुनै समितिको सदस्य वा संस्थासँग सम्बद्ध कुनै पद वा हैसियत बारे उल्लेख गर्नु हुँदैन । तर आफ्नो प्रोफाईलमा सो कुरा उल्लेख गर्न वाधा पुग्ने छैन ।

### ७८. *नामपाटिमा, वेव साईटमा, मसलन्दमा सदस्यले आफ्नो लोगो छाप्नु हुन्छ कि हुँदैन ?*

उत्तरः नामपाटिमा, वेव साईटमा, मसलन्दमा सांकेतिक चिन्ह राख्न वा फर्मको लोगो बनाई प्रयोग गर्न निषेध गरिएको छ । तर आफ्नो फर्मको नाम उल्लेख हुने अक्षर प्रयोग गरी लेटरप्याड अरुले नक्कल गर्न नसक्ने तुल्याउन वा सुरक्षाको लागी वाटरमार्क वा लोगो प्रयोग गर्न सकिनेछ ।

### ७९. *के लेखाव्यवसायी फर्मले लेखाव्यवसायी सदस्यहरुको बीचमा कुनै प्रतियोगिता प्रायोजन गर्न र पुरस्कार स्थापना गर्न मिल्छ ?*

उत्तरः आफ्नो व्यक्तिगत नाममा ईनाम, पुरस्कार स्थापना गर्न सकिन्छ तर लेखाव्यवसायी फर्मबाट कुनै प्रकारको पुरस्कार स्थापना गर्न वा कार्यक्रमको प्रायोजन गर्न मिल्दैन ।

### ८०. *सदस्यहरुले आफ्नो वा फर्मको नाममा इनाम, पुरस्कार, छात्रवृत्ति स्थापना गर्न मिल्छ ? त्यस्तो इनाम, पुरस्कार स्थापना गरेको समाचारपत्र मार्फत जन साधारणमा सम्प्रेषण गर्नु हुन्छ कि हुँदैन ।*

उत्तरः प्रश्न नं. ७९ हेर्नुहोस् । ईनाम, पुरस्कार स्थापनाको व्यहोरा सम्बन्धितको लागि जानकारीको रुपमा छाप्न मिल्छ तर यसलाई व्यावसायिक प्रचारको रुपमा प्रयोग गर्न हुँदैन ।

### ८१. *मैले २०६४ सालमा उत्कृष्ट व्यवसायीको पुरस्कार पाएको थिएँ । के मैले उक्त पुरस्कार पाएको कुरा मेरो लेटर प्याडमा छाप्न मिल्छ ?*

उत्तरः मिल्दैन । असम्बन्धित कुराहरु लेटर प्याडमा छाप्न मिल्दैन ।

*८२. संस्थाबाट प्रकाशन हुने Journal तथा अन्य पत्रपत्रिकाहरुमा लेख लेख्दा आफ्नो परिचयमा के के लेख्न हुन्छ ?*

उत्तर: आफ्नो नाम, पदनाम, कार्यरत संस्था वा फर्मको नाम र आफ्नो पद, शैक्षिक तथा व्यावसायिक योग्यता बाहेक अन्य कुराहरु लेख्नु हुन्न ।

*८३. सदस्यहरुले देशको राजनैतिक, आर्थिक आदि व्यवस्था बारे अन्तरवार्ता दिन मिल्छ कि मिल्दैन ? अन्तरवार्ताको समयमा आफ्नो र आफ्नो फर्मको बारेमा कति सम्मको विवरण भन्न मिल्छ ?*

उत्तर: अन्तरवार्ता दिन बाधा पर्दैन । तर परिचयको क्रममा आफ्नो व्यवसाय र फर्मको बारेमा, आफूले प्रदान गर्ने सेवाको विवरण र अन्य संस्थाहरुसँगको आबद्धताका बारेमा बारम्बार उल्लेख गरेमा विज्ञापन गरेको ठहर्छ ।

*८४. सदस्यहरुले वेवसाइटमा आफ्नो छुट्टै डोमेन खडा गरी कम्पनी प्रोफाईल राख्नु माग विना ग्राहक समक्ष विवरण पेश गर्नु Unsolicited Approach हो कि होइन ?*

उत्तर: वेवसाइट खडा गर्नु Unsolicited Approach होइन तर आफ्नो वेवसाइटमा आफ्नो फर्मको अनावश्यक प्रचार प्रसार हुने खालका सामाग्री राख्नु हुँदैन । लेखाव्यवसायीले आफ्नो प्रोफाइलमा आफ्नो फर्मको बारेमा बढाईचढाई गरेमा, अन्य लेखाव्यवसायीहरुको कामसँग तुलना गरेमा र आफ्ना ग्राहकहरुको नाम उल्लेख गरेमा माग विना ग्राहक सम्बन्धी विवरण पेश गरेको ठहरिन्छ । वेवसाइटको नाम र त्यस भित्र राखिएका सामग्रीहरुले भ्रम सिर्जना गर्ने खालको देखिएमा संस्थाले नाम परिवर्तन गर्न र त्यस्ता सामग्रीहरु हटाउनको लागि निर्देशन दिन सक्दछ ।

*८५. सदस्यहरुले आफ्नो वेवसाइट स्थापना बारेमा संस्थालाई लिखित रुपमा जानकारी दिन जरुरी छ ? समाचार पत्रमा वेवसाईट स्थापना भएको सूचना दिन मिल्छ ?*



उत्तर: संस्थाको जानकारीका लागि दिनु उपयुक्त हुन्छ । तर समाचारपत्रमा वेवसाइट स्थापना भएको सूचना दिन मिल्दैन । निजको मसलन्दमा वा पत्रिकामा निजको ठेगाना लेख्दा ठेगानासँगै वेव साइटको ठेगाना राख्न सक्दछ ।

*८६. सदस्यले आफ्नो लेटर प्याड, विजनेस कार्ड, फर्मको नामपाटीमा आफ्नो हालको वा विगतमा पाएको मीर सुब्बा, सरदार जस्ता मान, सामाजिक संघ संस्थाको अध्यक्ष उपाध्यक्ष जस्तो पद उल्लेख गर्न मिल्छ कि मिल्दैन ?*

उत्तर: मिल्दैन ।

*८७. सदस्यले आफ्नो मसलन्दमा कर विशेषज्ञ, लेखा विशेषज्ञ, बैंक विशेषज्ञ भनी विशिष्ट विशेषता दर्शाउनु मिल्छ?*

उत्तर: मिल्दैन ।

*८८. सदस्यले संस्थाबाट प्रकाशन हुने वा अन्य संस्था कार्यालयहरुले प्रकाशन गर्ने व्यवासायिक वा साहित्यिक पत्रिका जर्नलहरुमा फोटो सहित लेख छाप्नु हुन्छ ? त्यस्तो लेखमा आफ्नो फर्म र फर्मको ठेगाना उल्लेख गर्नु हुन्छ ?*

उत्तर: हुन्छ ।

*८९. लेखाव्यवसायी फर्मले पार्टनर, ठेगाना वा फोन नम्बर परिवर्तन भएको सूचना अखबार छपाउन मिल्छ ?*

उत्तर : मिल्छ । तर लेखाव्यवसायी फर्मको एकल वा साझेदारी संरचनामा भएको परिवर्तन वा व्यावसायिक ठेगानामा भएको परिवर्तन वा शाखा कार्यालय स्थापनाको सार्वजनिक सूचना पत्रपत्रिकामा जानकारीको रुपमा प्रकाशन गर्नु बाहेक उक्त फर्मले प्रदान गर्ने लेखाव्यवसाय र परामर्श सेवाको प्रचार प्रसार हुने किसिमको कुनै पनि विवरण वा वाक्यांशको प्रयोग गर्नु हुँदैन ।

९०. *कुनै फर्ममा पञ्जीकृत प्रशिक्षार्थीको रुपमा काम गरेको विद्यार्थीले अत्याधिक अंक ल्याई सि.ए. परीक्षा पास गरेकोमा फर्मको नामबाट वा प्रशिक्षण दिने प्रिन्सिपलको नामबाट बधाई तथा शुभकामना दिन मिल्छ ?*

उत्तर: मिल्दैन ।

९१. *कुनै लेखाव्यवसायीलाई राष्ट्रिय वा अन्तरराष्ट्रिय स्तरको कुनै मान सम्मान प्राप्त भएमा सार्वजनिक सम्मान बधाई दिन मिल्छ ?*

उत्तर: मिल्छ । लेखाव्यवसाय र लेखाव्यवसायीले प्राप्त गरेको महत्वपूर्ण उपलब्धिलाई प्रचार गरी यसको सामाजिक प्रतिष्ठामा वृद्धि गर्नु सबै लेखाव्यवसायीको कर्तव्य हो । तर यसलाई कुनै व्यक्ति विशेषको व्यवसायको प्रचारमा लगाउनु हुँदैन ।

९२. *लेटर प्याड, विजनेस कार्ड, फर्मको नामपाटीमा कति वटासम्म रंग प्रयोग गर्न सकिन्छ?*

उत्तर: अनावश्यक र भड्किला रंगको प्रयोग गर्नु हुँदैन ।



# व्यवसाय प्राप्ती र संचालन

९३. *संस्थाका सदस्यले काम चाहियो भनी विज्ञापन गर्न मिल्छ ?*

उत्तर: पेशागत प्रमाणपत्र प्राप्त सदस्यले विभिन्न माध्यमबाट व्यावसायिक कार्य प्राप्त गर्ने उद्देश्यले पेशा व्यवसायको गरीमा तथा मर्यादा माथि आँच पुग्ने गरी विज्ञापन गर्न हुँदैन । तर पेशागत प्रमाणपत्र नलिएका सदस्यहरुले आंशिक वा पूर्णकालीन रुपमा कामको खोजी गर्नका लागि विज्ञापन गर्न सकिन्छ ।

९४. *आफ्नो नाम, फर्मको नाम गोप्य राखी आफ्नो साझेदार हुन अयोग्य व्यक्ति मार्फत व्यवसाय प्राप्त गर्न हुन्छ ?*

उत्तर: हुँदैन । दलाल वा मध्यस्थकर्ता मार्फत कमिशन वा दलाली शुल्क दिने शर्तमा व्यवसाय प्राप्त गर्नु आचार संहिताको विपरित कार्य हो ।

९५. *सदस्यहरुले लेखाव्यवसायसँग सम्बन्धित विभिन्न कार्यको घटाघट, टेण्डर, कोटेशनमा भाग लिन मिल्छ ? त्यस्तो टेण्डर कोटेशन घटाघटमा भागलिन टेण्डर फाराम खरिद वा धरौटि राख्ने आदि गर्न मिल्छ ?*

उत्तर: सार्वजनिक घटाघट भन्नाले आफू अरुको भन्दा कम शुल्कमा लेखापरिक्षण गर्छु भन्ने आशयका साथ पत्र लेख्नु वा मुखले व्यक्त गर्नु हो । यस्तो कार्यमा लेखाव्यवसायीले भाग लिनु हुँदैन ।

प्राविधिक र आर्थिक प्रस्ताव खामबन्दी रुपमा गोप्य रुपमा कोटेशन वा टेण्डर पेश गर्नु संहिता सम्मत मानिएको छ । प्राविधिक प्रस्तावबाट छनोट भएको फर्मसँग ग्राहकले आर्थिक प्रस्तावमा वार्ता गर्न सक्छ । तर, प्रस्ताव मागी तिनीहरुको बीच पुनः घटाघट गराउने कार्यमा लेखाव्यवसायीहरुले भाग लिनु हुँदैन । यस्तो कार्यले लेखाव्यवसायको मर्यादा र प्रतिष्ठा घटाउने काम गर्दछ ।

९६. *आफ्नो फर्म धैरै पुरानो र अनुभवि भन्ने देखाई प्रभाव पार्न सम्भाव्य ग्राहकलाई दिने मसलन्दमा वा नाम पाटीमा फर्म स्थापना भएको साल ठुलो अक्षरले उल्लेख गर्नु हुन्छ ?*

उत्तर: फर्म प्रोफाईलमा स्थापना साल उल्लेख गर्नु हुन्छ तर नामपाटी वा भिजिटिंग कार्डमा नाम, प्रमाणपत्र नम्बर, ठेगाना, सम्पर्क नम्बर र पदनाम बाहेक अन्य कुनै शब्द वा चिन्ह प्रयोग गरेमा प्रचार प्रसार गरेको ठहरिनेछ ।

९७. *एकजना लेखाव्यवसायीले राम मन्दिर ट्रष्टलाई सित्तै लेखापरिक्षण गरि दिन्छु भन्ने लिखित वचन दिएको र विना शुल्क काम पनि गरेछन् । कुनै पनि संघ संस्थालाई दान सहयोगको रुपमा सित्तै लेखापरिक्षण गर्नु आचरण विपरित हो ?*

उत्तर: विशुद्ध सामाजिक सेवाको उद्देश्य राखी स्थापना गरिएको परोपकारी संस्था वा आध्यात्मिक संस्थाहरुलाई व्यावसायिक सेवा नि:शुल्क प्रदान गरेमा आचार संहिता विरुद्ध भएको मानिदैन ।

९८. *माग्दै नमागेको अवस्थामा लेखाव्यवसायीले आफ्नो सि.भि. र कार्य अनुभव सम्भाव्य ग्राहकहरुलाई बाँड्न मिल्छ कि मिल्दैन ?*

उत्तर: माग्दै नमागेको अवस्थामा लेखाव्यवसायीले आफ्नो सि.भि. (Curriculum Vitae) र कार्य अनुभव सम्भाव्य ग्राहकहरुलाई बाँड्नुलाई Unsolicited Approach भनिन्छ जुन लेखा व्यवसायमा स्वीकारयोग्य हुँदैन ।

९९. *एक जना लेखाव्यवसायी बीमा व्यवसायमा पोख्त मानिन्छन् । उनी कसैको स्थायी कर्मचारी होईनन् । तर जुनसुकै लेखाव्यवसायीले बीमाको काम प्राप्त गरे पनि उनैलाई नै उपठेक्कामा काम गराएको देखिन्छ । यसरी उपठेक्कामा काम गर्न मिल्दछ ?*

उत्तर: वित्तीय विवरण उपर राय लेख्ने अधिकार प्राप्त लेखाव्यवसायीले आफूले प्राप्त गरेको काम आफ्ना पूर्णकालीन कर्मचारी मार्फत वा निश्चित पारिश्रमिक पाउने गरी अन्य लेखाव्यवसायी वा गैर लेखा व्यवसायी प्राविधिक मार्फत गराउन सक्दछ । यसरी काम गराउनुलाई उपठेक्कामा काम गरेको भन्न मिल्दैन ।



१००. *लेखाव्यवसायीले लामो समयसम्म एउटै संस्थाको लेखा परीक्षण गर्न मिल्छ ?*

उत्तर: प्रचलित ऐनले लेखा परीक्षण गर्ने अवधि तोकेकोमा सोही अवधिसम्म मात्र र अवधि नतोकेको अवस्थामा जति सुकै अवधिसम्मको लेखापरीक्षण गर्न मिल्छ । तर पछिल्ला दिनहरुमा विश्वमा विकसित मान्यतालाई हेर्ने हो भने एउटै लेखापरीक्षकले निरन्तर तीन वर्ष भन्दा बढी लेखापरीक्षण गर्दा familarity threats हुन सक्ने विषयले प्राथमिकता पाएको देखिन्छ ।

१०१. *व्यावसायिक उद्देश्य राखी लेखाव्यवसायीले परिवारको अलावा सम्भाव्य र साबिक ग्राहकहरुलाई कुनै उत्सव, समारोहको नाममा भोज भतेर वा मनोरञ्जन गराउनु मिल्छ ?*

उत्तर: लेखाव्यवसायीले कुनै उत्सव, समारोह वा भोज भतेरको आयोजना गर्न सक्दछ तर त्यस्तो भोजको निमन्त्रणापत्रमा आफ्नो पदनाम वा फर्मको नाम उल्लेख गर्नु हुँदैन ।

# लेखाव्यवसायसँग असंगत आर्थिक क्रियाकलाप

*१०२. लेखाव्यवसायसँग असंगत क्रियाकलाप भनेको के हो ? लेखा व्यवसायीले कुन कुन क्रियाकलाप गरी आर्थिक उपार्जन गरेमा पेशागत व्यवसायसँग असंगत आर्थिक क्रियाकलाप मानिन्छ ।*

उत्तर: प्रश्न नं. ५१ हेर्ने ।

*१०३. के एक लेखाव्यवसायीले एक भन्दा बढी पेशा व्यवसाय गर्न सक्छ ? पेशागत प्रमाणपत्र प्राप्त सदस्यले पसल थाप्नु वा सरकारी वा गैर सरकारी जागीर खानु लेखाव्यवसायसँग असंगत आर्थिक क्रियाकलाप हो ?*

उत्तर: साधारणतया एकै साथ दुई वा सो भन्दा बढी प्रकारका पेशागत सेवा प्रदान गर्दैमा इमान्दारितामा वा स्वतन्त्रतामा आँच आउँदैन (आचार संहिता, खण्ड ११) । तर, स्वार्थको अन्तरद्वन्द हुने गरी अन्य पेशा र लेखा व्यवसाय एकै साथ गर्नु हुँदैन । उदाहरणको लागि उद्योग वाणिज्य संस्थाहरुका लेखापरीक्षण गर्ने लेखाव्यवसायीले ती क्षेत्रका गोप्य सूचना, रणनीति, व्यापारिक दाउपेच सम्म अध्ययन गरेको हुन्छ । त्यस लेखाव्यवसायीले त्यस्तै उद्योग धन्दा सञ्चालन गरेमा वा त्यस्तै उद्योगबाट उत्पादन गर्ने वस्तु मालसामान बिक्री गर्ने पसल सञ्चालन गरेमा व्यापार सम्बन्धी गोप्य सूचना आफ्नो व्यावसायिक लाभको लागी प्रयोग गर्ने प्रबल सम्भावना हुन्छ । यसले व्यवसाय सञ्चालनका दौरानमा स्वार्थको अन्तरद्वन्द वृद्धि गराउँछ । यस्तो कार्यकलापले लेखाव्यवसाय प्रति उद्योग वाणिज्य क्षेत्रको विश्वास र निष्ठा कम हुदै जान्छ ।

यस्तै, सार्वजनिक पद धारण गर्ने गरी जागीर खाने व्यक्ति लेखाव्यवसायी भएमा सार्वजनिक अधिकार, कर्तव्य र व्यवसायको दायित्वको बीचमा स्वार्थको द्वन्दको श्रृजना हुन्छ । अतः यस्तो परिस्थितिको श्रृजना हुनु राम्रो मानिदैन ।

अतः लेखाव्यवसायलाई स्वच्छ, विवादरहित, विश्वास योग्य, मर्यादित र प्रतिष्ठित व्यवसायको रुपमा विकास गर्न लेखाव्यवसायसँग असंगत कृयाकलापको सञ्चालनमा न्यूनिकरण गर्दै जान आफ्ना सदस्यहरुलाई प्रोत्साहित गर्ने नीति संस्थाले लिएको छ ।

*१०४. लेखाव्यवसायीले लेखाव्यवसाय बाहेक, स्कुल कलेजमा प्राध्यापन, कानून व्यवसायीको काम, ठेकेदारीको काम वा रेष्टुरेन्ट खोल्न मिल्छ कि मिल्दैन ?*

उत्तर: प्रश्न नं. १०३ हेर्ने ।

*१०५. म व्यावसायिक प्रमाणपत्र प्राप्त लेखा व्यवसायी हुँ । मेरो घरमा अंशबण्डा हुँदा वराजुको पाला देखिको कपडाको व्यापार मेरो भागमा परेको छ । के मैले त्यो व्यापारलाई निरन्तरता दिन मिल्छ ?*

उत्तर: लेखाव्यवसायको प्रतिष्ठामा आँच नआउने, व्यवसायको स्वतन्त्रता र वस्तुनिष्ठतामा आघात नपुऱ्याउने कुरा सुनिश्चित गरी अन्य आर्थिक कृयाकलाप सञ्चालन गर्न सकिन्छ । अध्ययन अध्यापनमा बाहेक अन्य पेशा व्यवसाय अपनाउँदा त्यस्तो हुने धेरै सम्भावना छ । अतः लेखाव्यवसायीले लेखाव्यवसाय बाहेक अन्य पेशा व्यवसाय नअपनाउनु उपयुक्त हुनेछ तापनी प्रस्तुत सन्दर्भमा पैत्रिक व्यवसायलाई निरन्तरता दिने बिषय भएकोले लेखाव्यवसायको प्रतिष्ठामा आँच नआउने गरी त्यस्तो पैत्रिक व्यापारलाई निरन्तरता दिएमा सोही कारणले आचार संहिताको पालना नगरेको भन्न सक्ने अवस्था पनि देखिदैन ।

*१०६. म लेखाव्यवसायीको रुपमा कार्यरत छु । मलाई नेपाल सरकारले गठन गरेका "ढुंगे धारा संरक्षण आयोग" को अध्यक्षमा तलब पाउने गरी मनोनित गरेको छ । के म मेरो व्यवसायलाई निरन्तरता दिन सक्छु ?*

उत्तर: सरकारी पदमा वा सार्वजनिक सरोकारको पदमा कार्यरत व्यक्तिले लेखाव्यवसाय सञ्चालन गर्दा आफ्नो पदको जिम्मेवारी पुरा गर्दा नैतिक दवाव आउँछ आउँदैन एवं लेखाव्यवसायको दायित्व पुरा बहन गर्न सक्छ सक्दैन, स्वार्थको द्वन्द सिर्जना हुन्छ हुँदैन भन्ने कुरा आफैंले सोची व्यवसाय सञ्चालन गर्नु पर्दछ । यसर्थ स्वार्थको द्वन्द सिर्जना नहुने निश्चित गरेर प्रस्तुत सन्दर्भमा व्यवसायलाई निरन्तरता दिन सकिन्छ ।

***१०७. म आउँदो नगरपालिका चूनावमा उठ्न चाहन्छु । के मैले मेरो सदस्यता र लेखाव्यवसायी प्रमाणपत्र त्याग गर्नु पर्छ ?***

उत्तरः लेखाव्यवसायीलाई व्यक्तिगत हैसियतले राजनितिक पार्टीको सदस्यता लिन वा चुनावमा उम्मेदवार हुनका लागि कुनै बाधा छैन । तर चुनावमा निर्वाचित भई सार्वजनिक पद धारण गरे पश्चात स्वार्थको द्वन्द सिर्जना हुने कुराको गम्भिरता पूर्वक विचार गर्नु पर्छ । यस्तो अवस्थामा केही समयको लागी पेशागत प्रमाणपत्र अस्थायी रुपमा स्थगन गर्नु उपयुक्त मानिन्छ ।

***१०८. म कुनै सहकारी संस्थाको अध्यक्ष, कुनै बैंकको सञ्चालक समितिको सदस्य र कुनै विकास बैंकको इण्डीपेन्डेन्ट डाईरेक्टर छु । संस्थाको सदस्य भएको नाताले के म लेखा व्यवसाय सञ्चालन गर्न योग्य छैन ?***

उत्तरः कुनै व्यक्ति संस्थाको सदस्य भएकै कारणले अन्य संस्थामा आबद्ध हुन नपाउने भन्ने छैन । तर अन्य संस्थामा बिभिन्न हैसियतमा आबद्ध भए पश्चात ती संस्थाका ऐन, नियम, निर्देशन, परिपत्र, मार्गदर्शनहरुको अधिनमा रही लेखाव्यवसाय सञ्चालन गर्नु पर्दछ । कार्यरत वा आबद्ध भएको संस्थाले निजलाई लेखाव्यवसाय सञ्चालन गर्न छुट दिएको र लेखापरीक्षण सेवा लिने संस्थाले पनि लेखापरीक्षकमा नियुक्त गर्न योग्य ठानेको अवस्थासम्म लेखाव्यवसाय सञ्चालन गर्न सकिन्छ । लेखाव्यवसायीले व्यक्तिगत वित्तीय स्वार्थबाट टाढा रही लेखाव्यवसायलाई स्वार्थको अन्तरद्वन्दबाट मुक्त राख्दै व्यावसायिक स्वतन्त्रता कायम गर्ने दायित्व पुरा गर्न सक्षम रहनु पर्दछ ।



## व्यवसायको प्रारम्भ

***१०९. के लेखापरीक्षकमा नियुक्ति पाउनासाथ लेखापरीक्षण प्रारम्भ गर्नु हुन्छ ?***

उत्तरः कम्पनीले आफूलाई लेखापरीक्षकमा नियुक्ति दिन कानून अनुसार पुऱ्याउनु पर्ने सबै प्रकृया पुरा गरे नगरेको हेर्नु पर्छ । त्यस पछि साबिक लेखाव्यवसायीलाई प्रचलित ऐनले अनिवार्य रुपमा हटाएको अवस्थामा बाहेक अन्य अवस्थामा प्रस्ताव स्वीकृत गर्न नहुने कुनै पेशागत कारण भए जानकारी दिन कमसेकम एक हप्ताको समय दिई पत्र लेख्नु पर्छ । साबिक लेखाव्यवसायीको उत्तर आए पछि वा तोकिएका समय भित्रमा उत्तर नआएता पनि लेखापरीक्षण मान ०२ बमोजिमको Engagement Letter प्रदान गरी नियुक्ती स्वीकार गरे पछि मात्र लेखापरीक्षण कार्य प्रारम्भ गर्नु पर्दछ ।

***११०. साबिक लेखाव्यवसायीलाई पत्राचार नगरी टेलिफोनमा मात्र सोधी भोलिपल्ट देखि काम थाल्नु हुन्छ ?***

उत्तरः नयाँ लेखाव्यवसायीले साविक लेखाव्यवसायीलाई लिखित जानकारी दिए पछि उचित समय भित्र नियुक्ती स्वीकार गर्न सकिन्छ ।

***१११. साबिक लेखाव्यवसायीले जवाफ पठाएन भने के गर्ने हो ?***

उत्तरः नयाँ लेखाव्यवसायीले पत्र पठाएमा मनासिव समय भित्र जवाफ पठाउनु साविक लेखाव्यवसायीको कर्तव्य हो । साविक लेखाव्यवसायीबाट केहि गरी मनासिव समय भित्र जवाफ प्राप्त नभएमा नयाँ लेखाववयवसायीले कुनै उत्तर प्राप्त नभएमा ग्राहकलाई स्वीकृति पत्र (Engagement Letter) पठाई नियुक्ती स्वीकार गर्न सकिन्छ ।

***११२. अन्तिम लेखापरीक्षण बाहेकका अन्य लेखापरिक्षणमा साबिक लेखापरिक्षणकले नयाँ लेखाव्यवसायीलाई पत्राचार गर्नु पर्छ ?***

उत्तरः अन्तिम लेखापरीक्षणमा यो अनिवार्य छ । अरुमा अनिवार्य छैन तर, सल्लाहको लागि सम्पर्क गर्नु पेशागत हितमा छ ।

*११३. कुनै कम्पनीको नयाँ लेखाव्यवसायीले आफूले व्यवसाय प्राप्त गरेको व्यहोरा साबिक लेखाव्यवसायीलाई चिठ्ठी रजिष्ट्री गरी पठाउँदैमा आचार संहिता बमोजिमको प्रावधान पूरा गरेको मान्न सकिन्छ ?*

उत्तर: साविक लेखाव्यवसायीको ठेगानामा चिठ्ठी रजिष्ट्री गरी पठाए पछि प्रापकलाई बुझाएको मानिनेछ । तर, चिठ्ठि पठाएको प्रमाण (फिर्ति रसीद आदि) लिई राख्नु पर्छ ।

*११४. Audit Engagement Letter नदिइकन मुखैले स्वीकृति दिई काम गर्न जाने र Management Letter नलिई वासलातमा सहि गरेमा आचार संहिता उल्लंघन भएको ठहरिन्छ कि ठहरिदैन ?*

उत्तर: नेपाल लेखापरीक्षणमान बमोजिमका प्रकृया पुरा गर्नु लेखाव्यवसायीको कर्तव्य हो । कानूनले निर्दिष्ट गरेका कागजात तयार नगरी सेवा प्रदान गर्दा कुनै समस्या पर्न आएमा लेखाव्यवसायीनै कानूनी रुपमा गलत साबित हुन सक्छ । यसर्थ लेखापरीक्षणमानको पालना नगरी सम्पादित लेखापरीक्षण कार्यलाई आचार संहिता उल्लंघन भएको ठहरिन्छ ।

*११५. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षकलाई सो वर्षको लेखापरीक्षण सेवा वापतको पारिश्रमिक भुक्तानी नगरेको जानकारी हुँदा हुँदै कुनै नयाँ लेखाव्यवसायीले अर्को वर्षको लेखापरीक्षण आरम्भ गर्न हुन्छ कि हुँदैन ?*

उत्तर: साबिक लेखाव्यवसायीको सेवा शुल्क भुक्तानी गर्न बाँकी हुँदैमा अन्य लेखाव्यवसायीले नियुक्ती स्वीकार गर्नु नहुने भन्ने छैन ।

*११६. लेखाव्यवसायीले कम्पनीको लेखापरीक्षण गर्दा शतप्रतिशत कागजात नहेरी र शत प्रतिशत शाखा गोदाम निरीक्षण नगरी लेखापरीक्षण सम्पन्न गरी वित्तीय विवरण उपर राय लेख्न सक्छ कि सक्तैन?*

उत्तर: सैद्धान्तिक हिसाबले शतप्रतिशत खाता परिक्षण गर्न नसक्ने अवस्थामा छनौटको आधारमा छड्के परीक्षण (Sampling) गरी लेखा



परीक्षण गर्न सकिने व्यवस्था र यसको बिधिको बारेमा NSA १ मा उल्लेख गरिएको छ । लेखाव्यवसायीले लेखापरीक्षणमानबाट निर्देशित भई आफ्नो सम्पूर्ण ज्ञान, शीप, अनुभव, परिस्थीति बुझ्न सक्ने खूबी र लेखाव्यवसाय सम्बन्धी प्रविधिहरु (Methodologies) प्रयोग गर्नु पर्दछ । साथै कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, लेखाप्रणाली एवं अन्य प्रणालीको प्रभावकारिता परीक्षण गरी कम्पनीको वित्तीय स्थीतिको बारेमा आफ्नो स्वतन्त्र राय दिन सक्ने गरी छनौट गर्नु पर्दछ ।

*११७. लेखाव्यवसायीले अनक्वालिफाइड रिपोर्ट (Unqualified Report) दिएको संस्थामा जालसाजी भएको कुरा पत्ता लाग्यो भने सो सदस्यले आचार संहिता पालना नगरेको ठहर्छ कि ठहर्दैन ?*

उत्तर: लेखाव्यसायीको नियुक्ति कम्पनीका कर्मचारीहरुले गरेको जालसाजि पत्ता लगाउने उद्देश्यले गरिएको हुँदैन । लेखाव्यवसायीको काम कम्पनीको आन्तरिक नियन्त्रण, लेखाप्रणाली एवं अन्य प्रणालीको प्रभावकारिता परीक्षण गरी कम्पनीको वित्तीय स्थीतिको बारेमा आफ्नो स्वतन्त्र राय लगानीकर्ता समक्ष प्रस्तुत गर्नु हो । जालसाजी हुन नदिन कम्पनीमा यथेष्ट नियन्त्रण विधि स्थापना गरिएको हुनु पर्छ र नियमित सुपरिवेक्षण गरिनु पर्दछ । यदि जालसाजी भएमा कम्पनीको व्यवस्थापननै जिम्मेवार हुन्छ ।

# पारिश्रमिक

**११८. *कुनै लेखा व्यवसायी फर्मले वर्षमा यतिवटा लेखापरिक्षण वा यति रुपैयाको लेखापरिक्षण गर्न मिल्छ भन्ने कुनै विशेष सीमा तोकिएको छ ?***

उत्तर: नेपालमा एक व्यवसायी वा फर्मले एक वर्षमा यतिवटा कम्पनीको लेखापरिक्षण गर्न पाइने भनी कुनै सिमा तोकिएको छैन तर दर्तावाला लेखापरीक्षकको हकमा लेखापरिक्षण गर्ने संस्थाको कारोवारको रकमको सीमा भने नियम ५३ मा तोकिएको छ ।

**११९. *लेखाव्यवसायीले आफ्नो पारीश्रमिक कारोवारको आधारमा हुने गरि तोक्न मिल्छ ?***

उत्तर: मिल्दैन । कारोवार वा नाफा तथा घाटा वा खूद नाफा आदि संयोगिक आधार लिई पारीश्रमिक तोक्दा लेखाव्यवसायीको इमान्दारीता र बस्तुनिष्ठतामा आँच आउने भएकोले यस्ता आधार लिनु हुँदैन ।

**१२०. *अघिल्लो बर्षको लागि साबिक लेखाव्यवसायीले प्राप्त गरेको पारिश्रमिक भन्दा घटिमा अर्को आर्थिक वर्षको लेखापरिक्षण प्रस्ताव स्वीकार गर्न मिल्छ कि मिल्दैन ? मिल्छ भने कति घटीमा मिल्छ ?***

उत्तर: मिल्दैन । विना आधार पीरिश्रमिक घटाई काम गर्ने प्रचलन (Undercutting) प्रचलन ले लेखाव्यसायमा अस्वस्थ प्रतिस्पर्धा पैदा गर्छ । यसले लेखाव्यवसायको मूल्य र मान्यतामा पनि प्रतिकूल असर पार्छ । अत: ग्राहकको कारोवार नै कम भएको वा संगठनात्मक स्वरुप परिवर्तनका कारणले प्रस्तावित कार्यबोझ साबिक लेखाव्यवसायीको भन्दा घटी भएको प्रमाणित भएको अवस्थामा बाहेक एक पटक लिइरहेको साबिक शुल्क भन्दा घटीमा अर्को लेखाव्यवसायीले सेवा प्रदान गर्नु हुँदैन ।

**१२१. *व्यवसाय सञ्चालनमा अन्य पेशाव्यवसायीको सेवा प्रयोग गरे वापतमा पारिश्रमिक लिन मिल्छ ?***



उत्तर: आफूले सेवा दिन नसक्ने कुनै क्षेत्रमा कानून वा अन्य बिशेषज्ञको सेवा लिनु पर्ने देखिएमा ग्राहकको स्वीकृतिमा बिशेषज्ञको सेवा लिन सकिन्छ । सो विशेषज्ञको पारिश्रमिक ग्राहकले नै व्यहोर्नु पर्दछ ।

**१२२. *लेखाव्यवसायीले ग्राहकसँग पारिश्रमिकको अलावा कति रकम सम्मको अन्य बस्तु वा सेवा उपहारको रुपमा प्राप्त गरेमा आचरण विपरित कार्यमा गनिदैन ?***

उत्तर: पारिश्रमिकको अलावा ग्राहकको लेखापरीक्षण सम्बन्धी काममा खर्च भएका Out of Pocket Expenses मात्र सोधभर्ना लिनु हुन्छ । ईमान्दारिता र स्वतन्त्रतामै प्रभाव पर्ने खालका कुनै उपहार वा सेवा प्राप्त गर्नु हुँदैन ।

**१२३. *एक जना लेखाव्यवसायीले वर्षको कतिवटा लेखापरीक्षण वा कर लेखापरीक्षण गर्नु हुन्छ ?***

उत्तर: नेपालमा यसको सीमा तोकिएको छैन ।

**१२४. *कुनै काम गर्दा यस्तो यस्तो फर्मले यति भन्दा घटिको काम गर्नु हुँदैन भनी संस्थाले तोकेको छ ? छैन भने तोक्न मिल्छ ?***

उत्तर: नियम ५३ मा लेखापरीक्षकको वर्ग अनुसार लेखापरीक्षण गर्न पाउने कारोवारको अधिकतम रकमको सीमा तोकेको छ । यो व्यावसायिक ज्ञान र योग्यताको आधारमा तोकिएको हो । तोकिएको अधिकतम सिमा भित्र रही आफ्नो योग्यता र क्षमताको आधारमा जतिसुकै रकमको लेखापरीक्षण गर्न पाइन्छ ।

**१२५. *लेखाव्यवसायी कार्य प्राप्त गरी सके पछि कार्य शुरु नहुँदै आफूले दिने सेवा वापतमा पाउने पारीश्रमिक मध्ये केहि वा शतप्रतिशत पेश्कीको रुपमा ग्राहकसँग माग गर्न सक्छ ?***

उत्तर: पारिश्रमिक किटिएको व्यवसाय स्वीकार पत्र (Engagement Letter) ग्राहकलाई दिए पछि विधिवत् लेखापरीक्षक नियुक्ति भएको मानिन्छ । आपसी सहमतिमा उक्त पारिश्रमिक मध्ये पेश्कीको विषय तय गर्न सकिन्छ ।

*१२६. काम सम्पन्न भए पछि पनि ग्राहकले पारिश्रमिक भुक्तानी नगरेमा कहाँ उजुरी गर्ने ?*

**उत्तरः** संस्थाले आफ्ना सदस्य उपर आचार संहिता उल्लंघनको विषयमा मात्र कारवाही गर्न सक्तछ तर ग्राहकलाई कारवाही गर्ने अधिकार संस्थासँग नभएकोले लिने दिने सम्बन्धी उजुरी दिने निकाय कानुन अनुसार जहाँ हो सोही ठाउँमा जानु पर्दछ । यदि अर्को वर्षको लेखापरीक्षक नियुक्ति गर्ने समयसम्म रकम प्राप्त नभएमा र प्रस्तावित लेखाव्यवसायीले जानकारीका लागि पत्राचार गरेमा निज ग्राहकले आफुलाई पारिश्रमिक नदिएको कुरा बताइदिनु पर्दछ ।

*१२७. लेखाव्यवसायीले व्यवसायबाट आर्जित शुल्क फर्मका साझेदारहरुमा बाँड्न मिल्छ कि मिल्दैन ?*

**उत्तरः** व्यवसायबाट आर्जित शुल्क साझेदारहरु बीच भएको साझेदारी सम्झौतामा उल्लेख भए बमोजिमको अनुपातमा वितरण गर्न मिल्छ ।

*१२८. साबिक लेखापरीक्षकले आफ्नो पारिश्रमिक नदिएको कारणले लेखापरीक्षण नगर्न नयाँ लेखाव्यवसायीलाई पत्र लेखी दबाब दिन मिल्छ ?*

**उत्तरः** नयाँ लेखाव्यवसायीले जानकारीका लागि पत्राचार गरेमा निज ग्राहकले आफूलाई पारिश्रमिक नदिएको कुरा बताइदिनु पर्दछ । तर लेखापरीक्षण नगर्नका लागि दबाब दिनु आचार संहिता विपरित हुन्छ ।

*१२९. एउटा लेखाव्यवसायीले आफ्नो पारिश्रमिक पुरा भुक्तान नगरेसम्म आफूले लगेको खाता पाता फिर्ता नदिने भनी रोकी राखेको मैले जानकारी पाएको छु । के यसरी ग्राहकको खातापाता रोक्न मिल्छ ?*

**उत्तरः** काम सम्पन्न हुने बित्तिकै लेखाव्यवसायीको पारिश्रमिक भुक्तान गर्नु ग्राहकको कर्तव्य हो भने ग्राहकका खातापाता, कागजात लगायतका सम्पत्तिहरु ग्राहकलाई नै फिर्ता गर्नु लेखाव्यवसायीको कर्तव्य हो । आफ्नो पारिश्रमिक नपाएमा सम्बन्धित निकायमा उजुरी गर्नु पर्दछ तर खातापाता रोक्न मिल्दैन ।



*१३०. लेखापरीक्षण सेवाको न्यूनतम शुल्क नतोक्दा लेखापरीक्षकहरु साह्रै मर्कामा परेका छन् । यो सम्बन्धमा संस्थाले बिचार पुऱ्याउनु आवश्यक देखिन्छ ।*

**उत्तरः** लेखापरीक्षण सेवाको न्यूनतम शुल्क तोक्नु उचित हुँदैन । लेखापरीक्षण शुल्क लेखाव्यवसायीको व्यक्तिगत योग्यता, शीप तथा सेवाको गुणस्तर, सेवा प्रदान गर्न लाग्ने समय र जिम्मेवारीको गहनतामा आधारित हुन्छ । आचार संहिताको १०.२ मा शुल्क तोक्ने केहि आधार उल्लेख गरिएको छ ।

लेखाव्यवसायीले आफूले दिने सेवाको गुणस्तर अरुको भन्दा राम्रो हुन्छ भनी सेवाग्राहीलाई आश्वस्त पार्न सकिने अवस्थामा तुलनात्मक रुपमा बढी शुल्क लिनको लागि कुनै प्रतिबन्ध छैन ।

भारतीय सन्दर्भमा हेर्ने हो भने भारतीय चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAI) ले न्यूनतम पारिश्रमिक सम्बन्धमा सुझाव दिने गर्दछ । तर उक्त संस्थाले पनि सन् २००१ पछि नयाँ सुझाव प्रस्तुत गरेको छैन ।

## कर सम्बन्धी सेवा

*१३१. कर विवरण प्रमाणित गरेको विषयमा लेखाव्यवसायी कति जिम्मेवार छ ? केहि गरी कर विवरण झुठो फेला परेमा लेखाव्यवसायीलाई के कति सजाय हुन्छ ?*

उत्तरः झूठा विवरण पेश गरेको प्रमाणित भएमा लेखाव्यवसायीलाई प्रचलित कानून अनुसार सजाय हुन्छ ।

*१३२. आयकर विवरण प्रमाणित गर्ने लेखाव्यवसायीले सेवाग्राहीको तर्फबाट कर सम्बन्धमा कति हद सम्म प्रतिनिधित्व गर्नु हुन्छ ? कम्पनीको तर्फबाट आन्तरिक राजस्व विभाग, अदालत वा राजस्व न्यायाधिकरण आदि निकायमा बहस गर्न जानु हुन्छ ?*

उत्तरः आन्तरिक राजस्व विभाग वा कार्यालयबाट आफ्नो ग्राहकको तर्फबाट प्रतिनिधित्व गर्नका लागि अनुरोध भइ आएमा उक्त कार्यालयमा जानु पर्दछ । तर प्रचलित कानून अनुसार अदालत वा राजस्व न्यायाधिकरणमा लेखाव्यवसायीले बहस गर्न पाउने व्यवस्था छैन ।

*१३३. कम्पनीको लेखापरीक्षण गर्दा पुराना आर्थिक वर्षमा कर छलेको वा तिर्न छुट भएको केहि प्रमाण देखिएको तर तत्काल आन्तरिक राजस्व विभागमा जानकारी नदिने लेखाव्यवसायीलाई आचार संहिता उल्लंघन गरेको मानिन्छ कि मानिदैन ?*

उत्तरः त्यस्तो त्रुटी देखिएमा राजस्व अधिकारी समक्ष पेश गर्न आफ्नो ग्राहकलाई तत्कालै लिखित रुपमा परामर्श दिनु पर्दछ । लेखाव्यवसायीको परमार्श अनुसार तिर्न बाँकी कर राजस्व कर कार्यालयमा पेश गर्नु ग्राहकको दायित्व हो । लेखापरीक्षकले उक्त कुरा वित्तीय विवरण उपर राय लेख्दा उल्लेख गर्नु पर्दछ ।

*१३४. लेखाव्यवसायीको गल्तीले गलत विवरणहरू आन्तरिक राजस्व विभाग वा कम्पनी रजिष्ट्रार कार्यालयमा पेश भई ग्राहकलाई जरीवाना वा यस्तै सजाय भएकोमा लेखाव्यवसायी कति जिम्मेवार हुन्छ ?*



उत्तरः लेखाव्यवसायीले NAS II बमोजिम Management Representation का साथ पेश भएको विवरणमा आधारित भई विवरण तयार गर्ने भएकोले लेखाव्यवसायी जिम्मेवार हुँदैन । तर लेखाव्यवसायीले आफ्नो तर्फबाट दिनु पर्ने विवरणमा ध्यान नपुग्याएकोले (Absence of Due Care) ग्राहकलाई सजाय भएको रहेछ र सो को उजूरी संस्थामा प्राप्त भएमा छानबिन हुन्छ । छानबिन पछि दोषी ठहरिएमा सजाय हुन्छ ।

## गोपनियता

*१३५. आफ्नो व्यवसायको सिलसिलामा प्राप्त सूचना र जानकारी कति गोप्य राख्नु पर्छ ?*

उत्तर: व्यवसायको सिलसिलामा प्राप्त सूचनाहरु अदालत वा कानुनले बाध्य पारेको अवस्थामा बाहेक जुनसुकै बेलामा पनि गोप्य राख्नु पर्दछ ।

*१३६. कुनै सेवाग्राहीले वा कुनै नयाँ लेखाव्यवसायीले गत सालको लेखापरीक्षण गर्ने साबिक लेखाव्यवसायीसँग सो सालको वर्किङ्ग पेपर माग गरेमा दिन मिल्छ ?*

उत्तर: वर्किङ्ग पेपर लेखाव्यवसायीको व्यक्तिगत सम्पत्ति हो । वर्किङ्ग पेपरको छायाँप्रति दिनु पर्ने बाध्यता छैन तापनी माग भई आएमा दिएमा फरक पर्दैन ।

*१३७. लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षकले कम्पनीका कर्मचारीसँग छुट्टै भेट गरी गोप्य कुरा सोध्न मिल्छ ?*

उत्तर: स्वतन्त्र राय व्यक्त गर्न आवश्यक परेमा सवै कुरा गर्न मिल्छ । तर लेखाव्यवसायी अनुसन्धानकर्ता वा जासूस होईन भन्ने सैद्धान्तिक आधारलाई बिर्सनु हुँदैन । साथै NSA 13 Communication with those charged with Governance लाई विचार गरी छलफल गर्नु पर्ने योग्य व्यक्ति निर्धारण गर्नु पर्छ ।



## उचित सतर्कता

*१३८. लेखापरीक्षण प्रतिवेदनमा हस्ताक्षर गर्ने सदस्यलाई हस्ताक्षर गरिसकेपछि कुनै गम्भीर गल्ती भएको महसुस भयो । व्यवस्थापनलाई लिखित रुपमा सो को जानकारी दिई प्रतिवेदन सच्याउन अनुरोध गरियो तर व्यवस्थापनले मानेन । यसको निदान के होला ?*

उत्तर: लेखापरीक्षकले प्रतिवेदन प्रकाशन नहुँदै गम्भीर गल्ती भएको थाहा भएमा व्यवस्थापनलाई संशोधित प्रतिवेदन दिनु पर्दछ । यदि लेखापरीक्षण प्रतिवेदन प्रकाशित भइसकेको अवस्था छ भने वा व्यवस्थापनले संशोधित प्रतिवेदन स्वीकार गर्न चाहेन भने आफैले पत्र पत्रिकामा संशोधित प्रतिवेदन छपाउनु पर्दछ र सो को जानकारी ग्राहक निकायको नियमनकारी निकाय र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा समेत दिनु पर्दछ ।

*१३९. एउटा लेखाव्यवसायीले एउटा कम्पनीको लेखापरीक्षण पश्चात् कैफियत सहितको प्रतिवेदन Qualified Report दिएकोमा सम्बन्धित अधिकार प्राप्त निकायबाट छानबिन गर्दा त्यस्तो प्रतिवेदन दिनु नपर्ने रहेछ भनी पत्ता लागेमा त्यस्ता लेखापरीक्षकमाथि उजुरी लाग्न सक्छ ?*

उत्तर: उजुरी लाग्न सक्छ । छानबिन पछि उजुरी सही ठहरिएमा कारवाही हुन सक्छ ।

*१४०. एउटा लेखाव्यवसायीले एउटा कम्पनीको लेखापरीक्षणको दौरानमा केहि महत्वपूर्ण सूचना भएको फाईल हराई दिएछ । लेखापरीक्षकले पूर्ण होशियारी साथ काम नगरेको र ग्राहकले अनावश्यक दुःख पाएकोमा ग्राहक कम्पनीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा लेखाव्यवसायीमाथि उजुरी दिन सक्छ ?*

उत्तर: उजुरी दिन सक्छ ।

**१४१. *कुनै लेखाव्यवसायीले आफूले लेखापरीक्षण गरेको कम्पनीको वित्तीय विवरणसँग सम्बन्धित कम्पनीको वित्तीय अवस्थालाई नै फरक पार्न केहि महत्वपूर्ण कुरा थाहा हुन आए पनि खुलासा (Disclose) नगरेमा कति सम्म जिम्मेवार हुन्छ ?***

**उत्तरः** लेखाव्यवसायीले आफूलाई थाहा भएको महत्वपूर्ण कुरा विशेष गरी कम्पनीको वित्तीय अवस्थालाई नै फरक पार्न सक्ने भए यस्ता कुराको खुलासा गर्नु उसको प्रमुख कर्तव्य नै हो । सर्वसाधारणलाई सही सूचना दिनु लेखाव्यवसायीको प्रमुख दायित्व हो । यदि यस्ता विवरण नखुलाएको भए पेशागत आचरणको पालना नगरेको ठहर्छ ।

**१४२. *लेखापरीक्षणको समयमा खराब ऋणमा परिणत भएका र खर्च लेखिएका (write off) गरिएका ऋणमा ध्यान नदिने लेखापरीक्षक जिम्मेवार हुन्छ कि हुँदैन ?***

**उत्तरः** व्यवस्थापनले नेपाल लेखामान Nepal Accounting Standards अनुसार ऋण सम्बन्धमा खुलासा गर्नु पर्ने कारोवारहरु उचित ढंगबाट खुलासा नगरेमा तुरुन्तै कैफियत तलब गर्नु पर्छ । त्यस्तो कैफियत तलब नगरेको प्रमाणित भएमा लेखापरीक्षकमाथि उजुरी लाग्न सक्छ ।

**१४३. *सरकारी कार्यालयमा पेश गर्न ऐनले दिएको समयावधिको अन्तमा आई पारिश्रमिकमा बृद्धि माँग गरी लेखापरीक्षण प्रतिवेदन नदिने र विभिन्न वहानामा ग्राहकलाई दुःख दिने लेखाव्यवसायीमाथि उजुरी लाग्छ ?***

**उत्तरः** लेखाव्यवसायीले सबै भन्दा पहिले Engagement Letter मा पारिश्रमिक र पारिश्रमिक भुक्तानी लिने तरीका आदि निर्धारण गरी ग्राहकलाई दिनु पर्छ । तर पछि पारिश्रमिक वृद्धिको माँग गर्नु अनुचित हो । यस्तो लेखाव्यवसायीमाथि ग्राहकले उजुरी दिएमा उजुरी लाग्छ ।



**१४४. *कोही ग्राहकले अज्ञानतावश सि.ए. लाई एफ.सि.ए वा रजिष्टर्ड अडिटरलाई चार्टर्ड एकाउन्टेन्ट वा "घ" वर्गको लाई "ख" वर्गको लेखाव्यवसायी ठानी सोही अनुसारको व्यवहार गरी व्यवसाय सम्बन्धी कार्य दिएमा आफ्नो वास्तविक हैसियत नबताई चूप लागि व्यावसायिक कार्य प्राप्त गर्नु आचरण विरुद्धको कार्य हो कि होइन ?***

**उत्तरः** यो आचरण विपरित कार्य हो । लेखाव्यवसायी आफ्नो योग्यता, क्षमता र अनुभवलाई बढाई चढाई वा नभएको योग्यता र अधिकार पनि भएको जस्तै गरी काम लिने प्रयत्न गर्नु हुँदैन र यदि अज्ञानतावश ग्राहकले आफ्नो योग्यता भन्दा बाहिरको काम गर्न अनुरोध गरेमा आफूले उक्त काम गर्न नमिल्ने स्पष्ट जवाफ दिनु पर्दछ ।

**१४५. *कुनै कार्य आफ्नो क्षमता बाहिरको भनी थाहा हुँदा हुँदै कार्य स्वीकार गर्ने र अन्तमा धेरै समयसम्म काम सम्पन्न नगर्ने वा समय व्यतीत भई सके पछि कामबाट राजीनामा गर्ने लेखाव्यवसायी विरुद्ध उजुर लाग्छ कि लाग्दैन ?***

**उत्तरः** लाग्छ । लेखाव्यवसायीको आफ्नो क्षमता बाहिरको काम हो भन्ने थाहा हुँदा हुँदै कार्य स्वीकार गर्नु हुँदैन । कामको दौरानमा मात्र थाहा भएमा थाहा हुनासाथ उक्त कार्य आफूले गर्न नसक्ने कुराको जानकारी ग्राहकलाई दिई आफू कामबाट अलग हुनुपर्दछ ।

**१४६. *सदस्यहरुले सेवाग्राहीलाई प्रभावमा पार्न आफूले लेखेको लेख वा पुस्तकमा आफ्नो योग्यता, विदेशी लेखाव्यवसायीको सम्बन्धलाई बढाई चढाई प्रकाश गर्न मिल्छ ?***

**उत्तरः** लेखाव्यवसायीले कुनै पुस्तक प्रकाशन गर्दा वा पत्र-पत्रिका वा अन्य कुनै प्रकाशनमा लेख रचना छपाउँदा वा प्रकाशन गर्दा वा कुनै पत्रिकामा प्रश्नोत्तर, समीक्षा आदि स्तम्भमा लेख्दा आफ्नो नाम, व्यावसायिक योग्यता र आफ्नो फर्मको नाम उल्लेख गर्ने बाहेक आफ्नो वा आफ्नो फर्मको प्रचार प्रसार हुने किसिमको कुनै पनि शब्द, चिन्ह वा वाक्यांश उल्लेख गर्न तथा विदेशी लेखाव्यवसायीको सम्बन्धलाई बढाई चढाई प्रकाश पार्नु हुँदैन ।

## उजुरी

*१४७. आचार संहिता उल्लंघनको सम्बन्धमा लेखाव्यवसायी सदस्यको विरुद्ध कसले उजुरी दिन पाउँछ ?*

**उत्तरः** कुनै पनि सदस्य विरुद्ध अर्को सदस्यले, सेवाग्राही निकाय वा व्यक्ति, सरोकारवाला वा वेसरोकारवाला जो कोहीले पनि सप्रमाण परिषद्मा उजुरी गर्न सक्छ । तर बेनामी, प्रमाणरहित, आरोपित व्यवसायी प्रष्ट नकिटिएका उजुरी उपर कारवाही हुँदैन । कसैले उजुरी नगरेको तर कुनै सदस्यले पालना गर्नुपर्ने आचरणको पालना नगरेको विश्वास गर्नुपर्ने तथ्य फेला परेमा संस्थाका कार्यकारी निर्देशक स्वयंले पनि कारवाहीको लागि परिषदमा पेश गर्न सक्तछ ।

*१४८. उजुरीको ढाँचा कहाँ कसरी तोकिएको छ ? उजुरी दिने सम्बन्धमा कुनै हदम्याद छ कि छैन ?*

**उत्तरः** उजुरीको ढाँचा तोकिएको छैन । सामान्य कागजमा निवेदन र यथेष्ट प्रमाण र निवेदन दस्तुर रु. १००/- सहित खामबन्दी निवेदन संस्थाको कार्यालयमा नै आई पेश गर्न वा संस्थाको ठेगानामा हुलाकबाट समेत पठाउन सकिन्छ । तीन वर्ष भन्दा अघि गरेको काम कारवाहीलाई लिएर उजुरी गर्न पाइन्न तर सरकारी वा सार्वजनिक वा संवैधानिक निकायहरुले छानविनका लागि अनुरोध भई आएमा वा परिषदलाई छानविन गर्न उचित मानी छानविन गर्ने निर्णय गरेमा सो भन्दा पुरानो कामका सम्बन्धमा पनि छानविन गरी कारवाही हुन सक्तछ ।

*१४९. मैले मेरा सहयोगी साथीलाई तर्साउन झुठो उजुरी हालेको छु यसले मलाई केहि त असर पर्दैन होला ?*

**उत्तरः** उजुरी गर्नु पर्ने मनासिब माफिकको कारण बेगर सदस्यलाई दुःख दिने नियतले मात्र कसैले उजुरी गरेको ठहरेमा नीजलाई रु. १,०००/- सम्म जरिवाना हुने व्यवस्था छ ।



*१५०. कुनै लेखाव्यवसायीले आचरण विपरितका काम गरेको व्यहोरा अर्को लेखाव्यवसायीलाई थाहा हुन आएमा उजुरी दिनै पर्ने जरुरी छ ? आचरण विपरित भए गरेको व्यहोरा थाहा पाएर पनि उजुरी नगर्ने सदस्यलाई पनि सजाय हुन सक्छ ?*

**उत्तरः** लेखाव्यवसाय प्रति समाजको विश्वास कायम राख्न र यसको प्रतिष्ठा जोगाई राख्न गलत कार्य गर्नेलाई सजाय दिलाई उदाहरणीय बन्नु जरुरी छ । गलत कार्य गरेको थाहा पाएर पनि चुप लागेमा व्यावसायिकतामा वृद्धि हुनुको सट्टा पेशा व्यवसायको मर्यादा घट्दै जान्छ । गल्ती गर्ने सदस्यलाई सजाय दिलाउन सकेमा मात्र पेशा स्वच्छ र मर्यादित बन्दछ । अतः नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था आफ्ना सदस्यहरुलाई व्यावसायिक सम्बन्धको परवाह नगरी सदस्यहरुबाट भएका आचार संहिता विपरितका आचरणको जानकारी संस्थामा दिन अनुरोध गर्दछ ।

# अनुशासन कार्यविधि र सजाय

१५१. *परिषद वा परिषदले गठन गरेको कुनै समिति वा संस्थाबाट सोधनी भएको कुनै व्यहोराको स्पष्ट प्रत्युत्तर नदिने सदस्य माथि कारवाहि हुन सक्छ ?*

उत्तरः परिषद वा परिषदले गठन गरेको कुनै समिति वा संस्थाबाट सोधनी भएको कुनै व्यहोराको स्पष्ट जानकारी दिनु सबै सदस्यको कर्तव्य हो । सही जानकारी नदिने वा जानकारी दिन अस्वीकार गर्ने सदस्यमाथि कसुरको मात्रा हेरी सजाय हुन सक्छ ।

१५२. *मलाई अनुशासन समितिबाट एउटा उजुरीको बारेमा बयान दिन बोलाएको छ । के समितिले अदालत सरह बयान लिन सक्तछ ?*

उत्तरः ऐनद्वारा गठित अनुशासन समितिलाई सम्बन्धित व्यक्ति उपर आदेश जारी गर्ने र साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार भएकोले बयान लिने लगायतका काम गर्न सक्छ ।

१५३. *बयान दिन गएन भने के हुन्छ ? के म  बयानका लागि वकिल लान सक्छु ?*

उत्तरः आदेश पालना नगरेमा वा बयान दिन नगएमा अदालतलाई भए सरहको अधिकार प्राप्त अनुशासन समितिले परिषदमा ऐनको दफा १४ को उपदफा (५) बमोजिमको सजायको लागि सिफारीश गर्न सक्छ । आफ्नो तर्फबाट सफाइको लागि वकिल लान सकिन्छ ।

१५४. *उजुरको छानविन कसले गर्छ र छानविनमा दोषी ठहरिएमा के सजाय हुन्छ ?*

उत्तरः कुनै सदस्य विरुद्ध उजुरी प्राप्त भए पछि परिषदले उजुरी उपर छानविन गरी राय पेश गर्नका लागि अनुशासन समितिमा पठाउँछ । समितिले उजुरी उपर छानविन गरी राय सहित परिषदमा पेश गर्दछ । परिषदले थप कुरा बुझ्न चाहेमा बुझ्न सक्तछ । छानविनमा दोषी ठहरिएमा कसुरको मात्रा हेरी नसिहत दिने वा बढीमा पाँच वर्ष सम्मको लागि सदस्यताबाट हटाउने वा कुनै खास अवधिको लागि लेखाव्यवसाय गर्न नपाउने गरी रोक लगाउन वा पेशागत प्रमाणपत्र वा सदस्यताको प्रमाणपत्र रद्द गर्ने मध्ये एक सजाँय तोक्न सक्छ ।

१५५. *परिषदको सजायँ मलाई चित्त नबुझेमा कानूनी उपचार के छ ?*

उत्तरः परिषदको सजायँ चित्त नबुझेमा पूनरावदेन अदालतमा पूनरावेदन गर्न सकिन्छ ।

१५६. *नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐनमा परिषदले सजायँ गर्ने र ऐनको दफा ४१ मा दण्ड जरीवाना सम्बन्धी व्यहोरा उल्लेख छ । यो एउटै हो कि फरक फरक हो ?*

उत्तरः नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐनको दफा १४ खण्ड ५ मा हुने सजाय संस्थाको सदस्यहरुको लागि मात्र लागू हुन्छ र उक्त संजाय तोक्ने अधिकार परिषदलाई हुन्छ । तर, ऐनको दफा ४१ मा उल्लेखित दण्ड सजाय संस्थाले नेपाल सरकार मार्फत पुनरावेदन अदालतमा मुद्दा दायर भएर दोषी ठहर भएमा हुने सजायँ हुन् । उक्त सजाय संस्थाका सदस्य अतिरिक्त जो सुकैलाई पनि हुन सक्तछ ।

## विविध

१५७. *संस्थाका सदस्यहरुले कम्पनी तथा निकायहरुले आव्हान गरे मुताविक लेखापरीक्षक, स्वतन्त्र सञ्चालक वा लेखाविज्ञ आदि पदमा नियुक्त हुन तोके बमोजिमको शुल्क तिरेर सूचिकरण गर्न जानु हुन्छ हुँदैन ?*

उत्तर: सूचिकरण गर्ने काम सम्बन्धित निकायको नियम बमोजिम हुने भएकोले उक्त निकायहरुले माग गरे बमोजिम सूचिकरणको लागि जानु हुन्छ ।

१५८. *कुनै कम्पनीको विवरण पत्र (प्रोस्पेक्टस) तयार गरेकोमा सो अनुसार कम्पनीले कार्य सम्पादन गर्न नसकेमा लेखाव्यवसायी कतिको जिम्मेवार हुन्छ ?*

उत्तर: हुँदैन । प्रोस्पेक्टस केहि तथ्यांक र बजारको रुभ्कान (Market Trend) का आधारमा प्रक्षेपण गरिने व्यवस्थापकीय कार्य हो । यसमा अर्थविद्हरु र लेखाव्यवसायीको सेवा पनि लिइएको हुन सक्छ । विवरण पत्र (Prospectus) को जिम्मेवारी कम्पनीको व्यवस्थापनले लिनु पर्छ ।

१५९. *के कम्पनीको हिसाब किताबका कागजातहरू लेखापरीक्षणको लागि भनी लेखाव्यवसायीको घर वा कार्यालयमा राख्नु हुन्छ ? राख्नु हुन्छ भने कति समय राख्नु हुन्छ ?*

उत्तर: यस्ता कागजात ग्राहकको सम्पत्ती भएको हुँदा कम्पनीको कार्यालयबाट बाहिर नलैजानु उपयुक्त हुनेछ । ग्राहकको स्वीकृतिमा केहि लगेको भए लेखापरिक्षणको काम समाप्त भए पछि तुरुन्त फिर्ता गर्नु पर्दछ । कानुनले आफूसँग राख्न पाउने केहि कागजात भए त्यो पनि नयाँ लेखाव्यवसायी नियुक्ति भएको जानकारी पाउनासाथ हस्तान्तरण गर्नु पर्छ (आचार संहिता १३.२५) ।

१६०. *के सदस्यहरुले आफ्नो सेवा प्रदान गर्न अन्य निकायबाट इजाजत वा स्वीकृति लिनु पर्छ ? नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य भैसके पछि पेशागत कार्य पाउन अन्य निकायमा पूनः दर्ता गराउनु पर्छ ?*



उत्तर: नेपालमा लेखाव्यवसाय गर्नको लागि इजाजत (पेशागत प्रमाणपत्र) प्रदान गर्ने एक मात्र निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था हो । अन्य निकायबाट इजाजत वा स्वीकृति लिनु पर्दैन । तर तोकिएको परिधि भित्र रही नियमनकारी निकायले सूचिकरण गराउन सक्तछन् ।

१६१. *संस्थाले सञ्चालन गरेको अनवरत व्यवसायिक शिक्षा (सि.पि.ई) कार्यक्रममा सहभागी नभईकन लेखापरीक्षण कार्यमा संलग्न हुँदा आचार संहिता उल्लंघन भएको ठहर्छ ?*

उत्तर: सि.पि.ई पेशागत सक्षमतामा निरन्तरता दिन स्थापित प्रकृया हो । आचार संहिता फरक प्रकरण हो । सि.पि.ई. कार्यमा निरन्तरता दिन सकिएन भने पेशागत प्रमाणपत्र नविकरण हुँदैन ।

१६२. *एक सदस्यले अनुशासन सम्बन्धी सूचना पठाइएको म्यादको बारेमा आफूलाई थाहै नभएको भनी स्पष्टिकरण पेश गर्न ठाडै अस्वीकार गरेछ । के यसरी पन्छिन मिल्छ ?*

उत्तर: संस्थाको रजिष्टरमा कायम रहेको पछिल्लो ठेगानामा रजिष्टर्ड पत्र पठाए पछि निजले पत्र पाएको मानिने भएकोले पन्छिन मिल्दैन ।

१६३. *कन्चनपुरबाट काठमाण्डौ बसाई सरेको एक सदस्यले संस्थाको सूचनाहरू अझै कन्चनपुर पुगेको गुनासो गरे, के उनको गुनासो ठिक छ ?*

उत्तर: कुनै सदस्यको ठेगाना परिवर्तन भएको मितिले ३५ दिन भित्र अनिवार्य रुपमा आफ्नो परिवर्तित ठेगानाको जानकारी संस्थालाई दिनु पर्दछ । सदस्यले आफ्नो कर्तव्य निर्वाह नगरेकोले पुरानै ठेगानामा पत्राचार हुनु स्वभाविकै हो ।

१६४. *के लेखाव्यवसायी फर्मले आम्दानी खर्चको हिसाब किताब राख्नु पर्छ ?*

उत्तर: राष्ट्रमा प्रचलित नियम कानून बमोजिमको प्रावधानहरु पुरा गर्नु लेखाव्यवसायीको कर्तव्य हो । यसर्थ लेखाव्यवसायी फर्मले पनि आम्दानी खर्चको हिसाब किताब राख्नु पर्छ ।